

# प्रभाव दैनिक

National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० अंक ३३५ काठमाडौं बुधबार, २१ चैत २०८० Prabhab National Daily Wednesday, April 3, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


# सहकारी ठगी प्रकरणको लहरोमा रास्वपा नेतृत्व

सभापति रवि लामिछाने, उपसभापति डोलप्रसाद अर्याल, सहमहामन्त्री कविन्द्र बुर्लाकोटीलगायतका नेताहरूमाथि बचतकर्ताको रकम दुरूपयोगमा संलग्न भएको आरोप



रवि लामिछाने



डोल प्रसादअर्याल



कविन्द्र बुर्लाकोटी

■ जेबी योञ्जन

**काठमाडौं–** पछिल्लो निर्वाचनबाट वैकल्पिक शक्तिका रूपमा उदायको दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेताहरू विभिन्न प्रकरणमा मुछिँदै आएका छन् । एकपछि अर्को प्रकरणमा नेतृत्व मुछिने क्रम नरोकिएपछि नयाँ दलमाथि प्रश्न उठ्न थालेको छ । पछिल्लो समय चर्किएको सहकारी ठगी प्रकरणमा पनि रास्वपाका नेताहरू चोखो रहेनन् ।

उक्त पार्टीका सभापति रवि लामिछाने नै सहकारी ठगी प्रकरणमा मुछिएका छन् । यद्यपि, विवादकाबीच उनले ठगीको अनुसन्धान गर्ने मुख्य निकाय गृह मन्त्रालयको बागडोर सम्हाल्ने अवसर पाएका छन् । उनको विषयलाई लिएर प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले लगातार संसद्मा विरोध जनाइरहेको छ । कांग्रेसले सहकारी ठगी प्रकरणमा मुछिएका व्यक्ति गृहमन्त्री बन्न नमिल्ने भन्दै राजीनामा दिनुपर्ने र उक्त प्रकरणबारे छानबिन गर्न समिति गठन गर्नुपर्ने माग गरिरहेको छ । तर सत्ता गठबन्धनले संसदीय छानबिन समिति गठनको औचित्य नभएको भन्दै गृहमन्त्री लामिछानेको बचाउ गर्दै आएको छ ।

सहकारी ठगी प्रकरणमा मुछिने रास्वपाका नेतामा लामिछानेमात्रै होइनन् । उपसभापति डोलप्रसाद अर्याल र सहमहामन्त्री कविन्द्र बुर्लाकोटी पनि सहकारी ठगी प्रकरणमा जोडिएका छन् । अर्याल श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री छन् । यसअघि श्रममन्त्री हुँदा पनि उनी विवादमा तानिएका थिए । अहिले उनीमाथि जनताको बचत रकम हिनामिना गरेको आरोप लागेको छ ।

अर्याल यसअघि 'हाम्रो नयाँ कृषि सहकारी संस्था'को उपाध्यक्ष भएको बेला निक्षेपकर्तालै चार करोड रूपैयाँभन्दा बढी रकम फिर्ता नपाएको तथ्य बाहिरिएको छ । उनी उपाध्यक्ष रहेको सहकारीले निक्षेपकर्ताको रकम फिर्ता नगरेपछि सरकारले हाम्रो नयाँ कृषि सहकारी संस्थालाई गत माघमा समस्याग्रस्त घोषणा गरिसकेको छ । उक्त सहकारीको सञ्चालक रास्वपाका सहमहामन्त्री बुर्लाकोटी पनि थिए । जसकारण उनी पनि सो ठगी प्रकरणमा मुछिएका हुन् ।

नयाँ कृषि सहकारी संस्थाको उपाध्यक्ष अर्याल भएकै बेला २६ जना निक्षेपकर्ताले रकम फिर्ता माग गर्दै आवेदन दिएका थिए । सहकारीबाट रकम भने पाएनन् । यसपछि निक्षेपकर्ताले सहकारी विभागमा उजुरी दर्ता गराएका थिए । यही प्रसंगलाई कांग्रेसले संसद्मा उठाएको छ । कांग्रेस सांसद रामकृष्ण यादवले मंगलबार संसद् बैठकमा ठगी प्रकरणको विषय उठाएका हुन् ।

'श्रममन्त्री डोलप्रसाद (डिपी) अर्याल हाम्रो कृषि सहकारीको उपाध्यक्ष हुँदा निक्षेपकर्ताले चार करोडभन्दा बढी पैसा फिर्ता नपाएको विषय आएको छ । अर्यालमात्रै होइन, सोही सहकारीमा रास्वपाका सहमहामन्त्री कविन्द्र बुर्लाकोटी सञ्चालक थिए,' कांग्रेस सांसद यादवले भने । उनले हाम्रो कृषि सहकारीमा अस्वाभाविक रूपमा गोर्खा मिडियाका अध्यक्ष जिबी राईलाई अध्यक्ष बनाएर भित्र्याएको पनि बताए ।

'डिपी अर्याल हाम्रो कृषि सहकारीको उपाध्यक्ष हुँदा उक्त सहकारीको अध्यक्षका रूपमा गोर्खा मिडियाका अध्यक्ष जिबी राईलाई भित्र्याएको देखिन्छ,' उनले बैठकमा भने, 'राईलाई अध्यक्षका रूपमा भित्र्याएर श्रममन्त्री अर्याल बाहिरिएको पाएको छु ।'

(क्रमशः पृष्ठ २ मा)

# रेशम–रञ्जिताको 'घरझगडा'ले तनावमा मुख्यमन्त्री शाह

■ प्रभाव संवाददाता



कमलबहादुर शाह, मुख्यमन्त्री, सुप



रञ्जिता श्रेष्ठ



रेशम चौधरी

- प्रधानमन्त्री पुष्पकमल दाहालले तेस्रोपटक विश्वासको मत लिनुपूर्व रेशम चौधरी र रञ्जिता श्रेष्ठबीच विवाद चुलिएको थियो, ठीक यसैगरी सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्रीले मत लिन लाग्दा दुईबीचको तीक्तता सतहमा
- रेशम पक्षले २३ र २४ गते बोलाएको केन्द्रीय समितिको बैठक आधिकारिक नभएको भन्दै रञ्जिताको विज्ञप्ति
- आफूहरूले मुख्यमन्त्री पाए कांग्रेससँगको गठबन्धन छाडिदिने रेशमको भनाइ

**काठमाडौं–** सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले भोलि बिहीबार विश्वासको मत माग्ने कार्यतालिका रहेको छ । तर नागरिक उन्मुक्ति पार्टीमा पार्टीका संरक्षक रेशम चौधरी र अध्यक्ष रञ्जिता श्रेष्ठ (नाताले श्रीमान् श्रीमती) बीचको कलहले शाह तनावमा परेका छन् । यसअघि तनावकै बीचमा शाहले उन्मुक्तिका सातमध्ये पाँच सांसदलाई मन्त्री बनाइदिएका थिए ।

तर दुई सांसद रञ्जितातिर लाग्दा शाहको पद जोगिन मुस्किल हुने देखिएको छ । यहीबीचमा संघीय सत्ता गठबन्धनले सुदूरपश्चिम प्रदेशमा एकीकृत समाजवादीलाई मुख्यमन्त्री दिने सहमति गरिसकेको छ । यद्यपि, यो गठबन्धनसँग नागरिक उन्मुक्तिले मुख्यमन्त्री पाउनुपर्ने भन्दै 'बार्गेनिङ' छाडेको छैन ।

यसै विषयमा नागरिक उन्मुक्तिका नेता रेशम चौधरीले मंगलबार दिउँसो प्रधानमन्त्री पुष्पकमल दाहालसँग भेटेका छन् । आफूलाई प्रधानमन्त्रीले फोन गरेकाले बालुवाटार पुगेर भेट गरेको चौधरीले बताए । 'प्रधानमन्त्रीले फोन गरेर छलफल गरौं भन्नुभएकोले म भेट्न गएको हो,' चौधरीले प्रधानमन्त्रीसँगको भेटपछि भने ।

योसँगै सुदूरपश्चिमको मुख्यमन्त्री शाह नै कायम रहन्छन् या अरू कोही बन्लान् ? नागरिक उन्मुक्तिको विवादले अन्योलमा परेको छ । नागरिक उन्मुक्तिकी अध्यक्ष श्रेष्ठ संघीय गठबन्धनअनुसार नै प्रदेशमा पनि माओवादी र एमालेसँग गठबन्धन गरेर अघि बढ्नुपर्ने अडानमा छिन् । यता रेशम भने कांग्रेससँगै मिलेर सुदूरपश्चिम सरकार अघि बढाउन चाहन्छन् ।

### यस्तो छ अंकगणित

५३ सदस्यीय सुदूरपश्चिम प्रदेशसभामा सरकार जोगाउन मुख्यमन्त्री शाहलाई २७ सांसदको समर्थन आवश्यक पर्छ । प्रदेशसभामा अहिले कांग्रेसका १८, माओवादीका ११, एमालेका १०, उन्मुक्तिको सात, एकीकृत समाजवादीको चार, राप्रपा र स्वतन्त्रको एक/एक गरी ५२ सांसद छन् । कांग्रेसका एक सांसदको मृत्यु भएकाले एउटा सिट रिक्त रहेको छ ।

अहिले शाह नेतृत्वको सरकारसँग कांग्रेसका १८ र नागरिक उन्मुक्तिका पाँच जना गरी जम्मा २३ सांसद छन् । विश्वासको मत पाउन मुख्यमन्त्रीलाई थप चार सांसद आवश्यक पर्छ । नागरिक उन्मुक्तिका सबै सांसदको साथ पाए राप्रपा र स्वतन्त्र गरी २७ सांसद पुर्‍याउने कांग्रेसको दाउ छ ।

यता गठबन्धनसँग एमालेका १०, माओवादीका सभामुखबाहेक १० र एकीकृत समाजवादीका चार गरी २४ सांसद रहेका छन् । उन्मुक्तिले साथ नदिए स्वतन्त्र र राप्रपा आउँदा पनि गठबन्धनलाई बहुमत पुग्दैन । यसो गर्दा सुदूरपश्चिममा उन्मुक्ति सत्ताका लागि निर्णायक बन्ने देखिएको छ ।

### रेशम–रञ्जिताको कलह

सुदूरपश्चिममा मुख्यमन्त्री शाहले विश्वासको मत लिनुपूर्व नागरिक उन्मुक्तिका दुई शीर्ष नेता रेशम र रञ्जिताबीचको कलह थप चर्किएको छ । यसअघि प्रधानमन्त्री दाहालले विश्वासको मत लिँदा पनि दुई नेताबीच यस्तै तीक्तता देखिएको थियो । यद्यपि प्रधानमन्त्री दाहाललाई उन्मुक्तिका सबै सांसदले पक्षमा मत दिए । यतिमात्र हैन विश्वासको मत सफल भएपछि जापान उडेका रेशमलाई रञ्जिताले 'शुभयात्रा राजा' भन्दै फेसबुकमा पोस्ट गरेकी थिइन् भने जापानबाट फर्कंदा पनि 'वेलकम ब्याक राजा' भन्दै विमानस्थलमा अँगालो हालेको फोटो सेयर गरेकी थिइन् ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

## सडक दुर्घटनामा ज्यान गुमाउँदै नेपाली श्रमिक

# १५ वर्षमा १५ सयभन्दा बढीले गुमाए ज्यान

■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्लो १५ वर्षमा वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक पुगेका १५ सयभन्दा बढी नेपालीले सडक दुर्घटनामा ज्यान गुमाएका छन् । वैदेशिक रोजगार बोर्डको तथ्यांकअनुसार आर्थिक वर्ष २०६५/६६ देखि २०७९/८० को अवधिमा एक हजार ५०२ जना नेपाली कामदारको सडक दुर्घटनामा परेर मृत्यु भएका हुन् ।

सडक दुर्घटनामा परी मृत्यु हुने क्रम बढ्दो देखिएको छ । सडक दुर्घटनासँगै अन्य कारणले मृत्यु हुने संख्या पनि बढेको बोर्डले जनाएको छ । पछिल्लो आर्थिक वर्ष अर्थात् आव २०८९/८० मा सबैभन्दा बढी १४३ जनाले सडक दुर्घटनामा ज्यान गुमाएका छन् ।

बोर्डको तथ्यांकअनुसार आव २०६५/६६ मा विभिन्न मुलुकमा रोजगारीका लागि गएका आठ जनाको मात्रै सडक दुर्घटनामा ज्यान गएको थियो । त्यसपछि यो संख्या क्रमशः बढ्दै गएको तथ्यांकमा देखिन्छ । बोर्डका अनुसार आव २०६६/६७ मा ६७ जना, २०६७/६८ मा ६० जना, आव २०६८/६९ मा १०१ र २०६९/७० मा १०४ जनाको मृत्यु भएको थियो ।

**कुन आर्थिक वर्षमा कति ?**

| | |
|---|---|
| आव २०६५/६६ | ८ जना |
| आव २०६६/६७ | ६७ जना |
| आव २०६७/६८ | ६० जना |
| आव २०६८/६९ | १०१ जना |
| आव २०६९/७० | १०४ जना |
| आव २०७०/७१ | ११२ जना |
| आव २०७१/७२ | १२१ जना |
| आव २०७२/७३ | १०३ जना |
| आव २०७३/७४ | १२२ जना |
| आव २०७४/७५ | १२७ जना |
| आव २०७५/७६ | ११५ जना |
| आव २०७६/७७ | ७६ जना |
| आव २०७७/७८ | ११४ जना |
| आव २०७८/७९ | १२९ जना |
| आव २०७९/८० | १४३ जना |

यस्तै आर्थिक वर्ष २०७०/७१ मा सडक दुर्घटनामा ज्यान गुमाउने नेपाली कामदारको संख्या ११२ पुग्यो । आव २०७१/७२ मा १२१ जना, २०७२/७३ मा १०३ जना, आव २०७३/७४ मा १२२ जना, आव २०७४/७५ मा १२७ जना, आव २०७५/७६ मा ११५ जना, आव २०७६/७७ मा ७६ जना, आव २०७७/७८ मा ११४ जना, आव २०७८/७९ मा १२९ र आव २०७९/८० मा १४३ जनाले सडक दुर्घटनामा ज्यान गुमाएको तथ्यांक छ ।

मृत्यु हुने अधिकांश साउदी अरेबिया, कतार, ओमान, कुवेत, बहराइन, युएई र मलेसियामा गएका कामदार रहेका छन् । बोर्डका अनुसार विदेशमा मृत्यु हुने कूल संख्याको करिब २० प्रतिशत सवारी तथा सडक दुर्घटनाबाट मृत्यु हुने गरेको छ । रोजगारीका लागि विभिन्न मुलुकमा पुगेका नेपालीहरूलाई सवारी तथा सडक दुर्घटना र त्यसबाट हुने क्षतिबारे जानकारी दिइने गरे पनि पर्याप्त नभएको बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतिले बताए ।

'यसलाई कम गर्न कामदारहरूलाई विदेश जानुअघि नै पूर्वसावधानी तथा सुरक्षा र नियमहरूको जानकारी दिन बोर्डले कडाइका साथ अनिवार्य कक्षाहरू सञ्चालन गर्न लागेको छ,' उनले भने, 'बोर्डले अभिमुखीकरण तालिमका लागि पाठ्यक्रम संशोधन गर्नुका साथै विदेशमा पनि जनचेतनामूलक अभियान सञ्चालन गर्ने तयारी गरिरहेको छ ।'

## युके र फ्रान्स पठाइदिन्छु भन्दै सवा ६ करोड ठगी

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि युके र फ्रान्स पठाइदिन्छु भन्दै प्रलोभनमा पारी छ करोड २० लाख रूपैयाँभन्दा बढी ठगी गरेको आरोपमा तीनजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा झापाको कमल गाउँपालिका-७ का केदार चौधरी, पोखरा लेकसाइड बस्ने नन्ददेवी पुन र बाँकेको कोहलपुर नगरपालिका-१० बस्ने जिवराज केसी रहेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका चौधरीले आकर्षक तलवमा युके पठाइदिने भन्दै सुमन राईसमेत ३५ जनासँग छ करोड रूपैयाँ लिएर ठगी गरेको बताइएको छ । उनले पीडितहरूलाई युके पठाइदिन्छु भनी प्रतिव्यक्ति नौ लाखदेखि २० लाख रूपैयाँ लिएर आइरिस एक्स्पर्ट कन्सल्टेन्सीमार्फत कतिपयलाई अजरबैजानसम्म पुर्‍याई अलपत्र पारी फरार भएको प्रहरी अनुसन्धानबाट खुलेको छ । चौधरीलाई खोजतलासका क्रममा काठमाडौंको कागेश्वरी मनोहराबाट पक्राउ गरिएको प्रहरीको भनाइ छ ।

त्यसैगरी पुनले पनि युके पठाइदिने भन्दै सात लाख ६७ हजार रूपैयाँ ठगी गरेको प्रहरीले जनाएको छ । उनले रोशनी चौधरीलाई युकेमा आकर्षक तलवसहित प्रतिष्ठित कम्पनीमा काम लगाइदिने प्रलोभन देखाएर ठगी गरेको बताइएको छ । पुनलाई पोखरा लेकसाइडबाटै पक्राउ गरिएको हो ।

यस्तै अर्का आरोपी केसीले आकर्षक तलबमा फ्रान्स पठाउने र राम्रो काम लगाइदिने विश्वास दिलाई पीडितसँग रकम लिएर ठगी गरेको बताइएको छ । उनलाई सुमनकुमार बस्नेतबाट ११ लाख ६५ हजार रूपैयाँ ठगी गरेको भन्दै काठमाडौं नयाँ बसपार्कबाट पक्राउ गरिएको प्रहरीले उल्लेख गरेको छ ।

पीडितबाट रकम लिएर सम्पर्कविहीन भएका उनीहरूलाई वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका उनीहरू तीनै जनालाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक नकुल पोखरेलले जानकारी दिए ।




## पृष्ठ १ बाट क्रमशः

### रेशम-रञ्जिताको...

यद्यपि, सुदूरपश्चिमका मुख्यमन्त्रीले विश्वासको मत लिनुपूर्व पनि फेरि उन्मुक्तिमा विवाद चर्किएको छ। सोमबार पार्टीको केन्द्रीय बैठकमा नेताहरूमाथि कुटपिट नै भयो। पार्टी अध्यक्ष श्रेष्ठले कुटपिटमा संलग्न दुई प्रदेश अध्यक्षलाई कारबाहीसमेत गरेकी छन्।

**सुदूरपश्चिमको मुख्यमन्त्रीमा दाबी**

नागरिक उन्मुक्तिकी अध्यक्ष श्रेष्ठले गण्डकी अध्यक्ष राजन गुरुङ र बागमती अध्यक्ष दीपबहादुर योञ्जन तामाङलाई पदमुक्त गरी पार्टीबाट निष्कासन गरेकी छन्। पार्टीका केन्द्रीय सदस्य रामलाल डगौरा थारु र रमेश विश्वकर्मामाथि सोमबार पार्टी संस्थापक केन्द्रीय सदस्यहरूको बैठक चलिरहेको अवस्थामा अभद्र व्यवहार गरी कुटपिट गरेको भन्दै दुवै जनालाई कारबाही गरिएको अध्यक्ष श्रेष्ठद्वारा सोमबार जारी पत्रमा उल्लेख छ।

यसैबीचमा रेशम पक्षले शुक्रबार र शनिबारका लागि डाकेको बैठक आधिकारिक नभएको रञ्जिता पक्षले जनाएको छ। रेशम पक्षले अनामनगरमा रहेको पार्टीको केन्द्रीय कार्यालयमा दुई दिने बैठकमा अनिवार्य उपस्थित हुन भन्दै महासचिव गंगाराम चौधरीले विज्ञप्ति जारी गरेका थिए। यही विषयमा खण्डन गर्दै रञ्जिताले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'उपरोक्त सम्बन्धमा मिति २०८० चैत २३ र २४ गते केन्द्रीय सदस्य तथा पदाधिकारीज्यूहरूको बैठक भनी बोलाइएको बैठक नागरिक उन्मुक्ति पार्टीको आधिकारिक नभएको व्यहोरा अनुरोध गर्दछु।'

रेशम-रञ्जिताको विवाद अनौठो मान्नुपर्ने विषय नभएको उक्त दलका रञ्जितानिकट नेताहरू बताउँछन्। 'यो पार्टीलाई चर्चामा ल्याउने कुनै अस्त्र हुनसक्छ। पार्टीभित्र खासै असन्तुष्टि छैन,' सुदूरपश्चिमका प्रदेशसचिव श्याम बमले भने। सुदूरपश्चिम सरकारको नेतृत्वका लागि रेशम-रञ्जिताको तयारी हुनसक्ने बमको अनुमान छ।

उनले भनेझैं प्रधानमन्त्रीसँग भेटेपछि रेशमले मुख्यमन्त्री पाए आफूहरू माओवादी-एमालेसहितको गठबन्धनमा जान सकिने बताए। 'कांग्रेसले दिएको जति मन्त्रालय छ। यसमा मुख्यमन्त्री दिनुस् हामी गइदिन्छम्,' चौधरीले भने। उन्मुक्तिबाट मुख्यमन्त्रीको दाबेदार को? यसबारे भने रेशमले खुलाएनन्। एकीकृत समाजवादीले पनि मुख्यमन्त्रीको उम्मेदवारका रूपमा कसैलाई अघि सारेको छैन।

■■■

### सहकारी ठगी...

सहकारीको उपाध्यक्ष रहँदा रास्वपाका अध्यक्ष लामिछानेका तत्कालीन व्यावसायिक साझेदार राईलाई सहकारीमा भित्र्याएर अर्याल २०७९ मा संस्थाबाट अलग भएका थिए। यसबारे पनि कांग्रेस सांसद यादवको प्रश्न छ। 'डिपीजीले नै जिबी राईलाई सहकारीमा ल्याउनुभयो। उहाँ छँदै सहकारी समस्यामा परेको थियो,' उनले भने, 'तत्कालीन अध्यक्ष सूर्य गुरुङको कार्यकाल बाँकी छँदै जिबी राई आएपछि गुरुङले सहकारीको सञ्चालक समिति छाडेका थिए।'

उक्त सहकारीलाई भूमि व्यवस्था मन्त्रालयले समस्याग्रस्त घोषणा गरिसकेको छ। सहकारी ऐन, नियम, मूल्य मान्यताविपरीत कार्य गरी बचतकर्ता सदस्यको बचत रकम फिर्ता नगरेको सम्बन्धमा कारबाही हुँदा सहकारी ऐन, २०७४ को दफा १०४ को उपदफा (१) को देहाय खण्ड (क) देखि (च) सम्मको विद्यमान रहेको देखिएकाले सहकारी विभागका रजिस्ट्रारको सिफारिसमा सोही ऐनको दफा १०४ को उपदफा (२) बमोजिम हाम्रो नयाँ कृषि सहकारीलाई समस्याग्रस्त घोषणा गरेको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानीसम्बन्धी कार्य गर्न सोही ऐनको दफा १०५ बमोजिम गठित समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमा पठाएको छ।

उक्त कार्यालयका सदस्यसचिव केशवप्रसाद पौडेलले भने ३४ जना निक्षेपकर्ताको चार करोड रूपैयाँ हिनामिना गरेको आरोप अर्यालसँगै बुर्लाकोटीलाई लागेको छ। ठगीका पीडितहरूले जिबीलाई ल्याएपछि अर्यालको टिम सहकारीबाट बाहिरिंदा पीडितले सहकारीको निक्षेप फिर्ता पाउनुपर्ने भन्दै विभागमा उजुरी दर्ता गरेका थिए। सहकारीमा आफू उपाध्यक्ष बसेको रास्वपा उपसभापति तथा श्रममन्त्री अर्यालले स्वीकार गरिसकेका छन्।

तर, गृहमन्त्रीसमेत रहेका सभापति लामिछाने अर्याल र बुर्लाकोटीको बचाउमा उत्रिए। उनले कसैले ठाडो उजुरी दिएकै भरमा कसैमाथि आरोप लगाउन नहुने बताए। उनले कसैमाथि प्रश्न उठ्नेबित्तिकै आत्तिहाल्न नहुने जिकिर गरे।

सहकारी ठगी प्रकरणमा मुछिएका लामिछानेले पोखराको सूर्यदर्शन सहकारीबाट एक करोड रूपैयाँ गोरखा मिडिया नेटवर्कको नाममा लिएको प्रमाण नै सार्वजनिक भइसकेको छ। जसआधारमा उनीमाथि कांग्रेसले प्रश्न उठाएको हो। यसअघि रास्वपाकै पूर्वनेता डा. ढाकाराम श्रेष्ठ पनि पोखराको एक सहकारीको रकम ठगी प्रकरणमा मुछिएका थिए। तर, पछि अर्को प्रकरणमा जोडिएपछि पार्टीबाट उनी निष्कासनमा परे।

# विपद्मा खोज र उद्धारका लागि दस्ता तयार

**भक्तपुर–** बाढीपहिरो होस् वा आगलागी, भूकम्प होस् वा दुर्घटना जस्तोसुकै विपद्मा पनि तालिम प्राप्त खोज, उद्धार, घाइतेको ओसारपसार तथा प्राथमिक उपचार टोली नहुँदा कैयौंले अकालमा ज्यान गुमाउनुपर्ने हुन्छ। अचानक आउने त्यस्ता विपद्का घट्नामा तत्कालै खोज, उद्धार तथा प्राथमिक उपचार टोली परिचालन हुँदा कैयौं पीडितलाई अकालमा ज्यान जानबाट बचाउन सकिन्छ।

यसैलाई मध्यनजर गर्दै चाँगुनारायण नगरपालिकाले नगरभित्र हुनसक्ने विपद्मा तत्कालै तालिम प्राप्त दक्ष जनशक्ति घटनास्थल पुगेर खोज, उद्धार तथा प्राथमिक उपचार दिनसक्ने गरी ३० जना महिलासहित ८१ जनाको खोज, उद्धार, घाइतेको ओसारपसार तथा प्राथमिक उपचार गर्ने दक्ष स्वयंसेवक उद्धारकर्ताको दस्ता तयार पारेको छ। जुनसुकै बेलामा आइपर्ने जस्तोसुकै विपद्मा पनि खोज तथा उद्धार गर्ने र विपद प्रतिकार्यका लागि आवश्यक तालिम प्राप्त जनशक्ति तयार पार्ने उद्देश्यले उनीहरूलाई १० दिने तालिम प्रदान गरिएको नगरप्रमुख जीवन खत्रीले जानकारी दिए।

नगरपालिकाले प्रत्येक वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरेको थियो। सोहीअनुसार प्रतिकार्यका लागि विभिन्न तीन समूह एवं चरणमा तालिम प्राप्त उद्धारकर्तालाई निर्देशनसमेत दिइएको छ। अहिले तालिम लिएकामध्येबाटै छनोट गरी कम्तीमा २५ जनालाई सशस्त्र प्रहरी बलसँगको सहकार्यमा अग्रवर्ती प्रशिक्षणमा सहभागी गराइ थप दक्ष बनाइने नगर प्रमुख खत्रीले बताए। विपद्मा खटिने स्वयंसेवकका लागि नगरपालिकाले न्यूनतम सुविधा उपलब्ध गराउने र निःशुल्क बिमा गराइने छ।

चाँगुनारायण नगरपालिका वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक सोमप्रसाद प्रधानले आगामी दिनमा थप प्रशिक्षण सञ्चालन गरी प्रत्येक टोलमा उद्धारकर्ता तयार गरिने जानकारी दिँदै अहिले आगलागी तथा वन डढेलोका घटना रोक्न तालिम प्राप्त जनशक्ति अग्रसर हुनुपर्ने बताए। नगरपालिकाले दस्तालाई १० दिने तालिममा विपद् व्यवस्थापनका क्षेत्रमा गरेका प्रगति र प्रयास, खोज तथा उद्धारको परिचय, खतराको प्रकार र यसका विशेषता, खोज तथा उद्धारको संरचना र टोली निर्माण, खोज तथा उद्धारका उपकरण सुरक्षित र सुरक्षाबारे जानकारी दिइएको थियो। रासस

**NIJGADH MUNICIPALITY**

**OFFICE OF MUNICIPAL EXECUTIVE**

NIJGADH, BARA

निजगढ नगरपालिका
निजगढ, बारा

## Invitation for Bid

**First date of publication: chaitra 21 , 2080 (03 April, 2024)**

1. The Nijgadh Municipality, Office of the Municipal Executive has allocated funds towards the cost for construction as indicated in details of work below and intends to apply part of the funds to cover eligible payments under the contract for construction as indicated in details of work. Bidding is open to all eligible Nepalese bidders.
2. The Nijgadh Municipality, Office of the Municipal Executive invites **Electronic bids** from eligible bidders for the construction as indicated in details of work below under **NCB–Single Stage Single Envelope Bidding** procedures as in accordance with **e-GP Procurement Directive 2079**. Eligible bidders should participate in this bidding and may obtain further information and inspect the Bidding Documents through PPMO website www.bolpatra.gov.np/egp
3. A complete set of Bidding Documents may down load from PPMO's Web Site **www.bolpatra.gov.np/egp** by eligible Bidders and submit their bids only electronically through www.bolpatra.gov.np/egp and upon payment of a non-refundable fee as shown in table below in the Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank Deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Bidding documents can be down loaded from PPMO's web site on or before last date and time of bid submission

   Information to deposit the cost of bidding document in Bank

   Name of the Bank : Agricultural Development Bank

   Name of Office : Nijgadh Municipality, Bara

   Account Name : AANTRIK RAJASWA KHATA

   Account No. : 0507601576860035
4. Bidder who wishes to submit the Bid Security in the form of Cash, the cash should be deposited in Account Name : STHANIYA TAHA DHARAUTI, Account No. : 0507600676050026 of Agricultural Development Bank Limited, Nijgadh Branch, Bara.
5. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a scanned copy of the Bid security in pdf format amounting as specified in the details of works, which shall be valid up to **30 days** beyond the validity period of Bid.
6. Pre-bid meeting shall be held at Nijgadh Municipality, Office of the Municipal Executive, Nijgadh, Bara at 14.00 hrs. on **Baisakh 11, 2080 (23 April, 2024).**
7. Electronic Bids must be submitted through PPMO website **www.bolpatra.gov.np/egp** on or before **12:00 hrs of Baisakh 21, 2080 (03 May, 2024)**. After that time web site will not accept automatically.
8. The electronic bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13.00 hrs. of Baisakh 21, 2080 (03 May, 2024)** at Nijgadh Municipality, Office of the Municipal Executive, Nijgadh, Bara.
9. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR-2064

**Details of Works**

| S. No. | Contract Identification No. | Name of Project | Bid security amount NRs. | Bid document fee (Non – refundable) NRs. |
|---|---|---|---|---|
| 1 | Road/W/NCB/04/ 2080/081 | Road construction work from budha lopchan house to dhansar khola,ward no.1 Nijgadh Bara | 118000.00 | 3000.00 |
| 2 | Road/W/NCB/05/ 2080/081 | Road and Drain construction work of sadaktol chock to end of ppc and bankhutol, ward no 6, Nijgadh, Bara | 168000.00 | 3000.00 |


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL NADAR CENTRAL MARKET COMPANY

पूर्व स्वीकृति मिति २०८०/०८/०७ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२० LT No : 295496 चलानी नं. ६०२१०४००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 3 | 0 | 120 | ५२,०५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 4 | 0 | 150 | ६५,०६७ | | | | | | | |
| 3 | Sales Assisstant | 5 | 0 | 130 | ५६,३९१ | | | | | | | |
| 4 | Sales Man | 8 | 0 | 150 | ६५,०६७ | | | | | | | |
| 5 | Security Guard | 4 | 0 | 150 | ६५,०६७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २८ गते (10th April 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MES SECURITY SERVICES L.L.C-BRANCH OF ABU DHABI 1

पूर्व स्वीकृति मिति २०८०/१२/२० LT. No. : 302862 चलानी नं.: ६०२१७७७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 170 | 0 | 2000 | ७२,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २८ गते (10th April 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt. License 128/055/56

**Kasturi International Service Pvt. Ltd.**

Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: +97714539647, +97714541458
E-mail:-kasturi128@hotmail.com. Web: www.kasturiint.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL EID FOOD CO

पूर्व स्वीकृति मिति : २०८०/०६/०८ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२० LT. No. 292824 चलानी नं. ६०२०८१४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helpers | 20 | 10 | 120 | ५१,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २८ गते (10th April 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Nexus Human Resource Pvt. Ltd.** Govt. License 1463/074/075

Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787
Mbl N. 9843103248, 9841093498, 9840747493

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAKKER & ABDEE FOOD EST.

पूर्व स्वीकृति मिति २०७९/११/१६ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२० LT. No. 281768 चलानी नं. ६०१९७४००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 4 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २८ गते (10th April 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

ROSE OVERSEAS PVT. LTD.
Govt. License 147/056/057

**ROSE OVERSEAS PVT. LTD.**

Chandol Chowk, Bashidhar Marga, Kathmandu, Nepal, Tel.: +977-1-4 446105/ 412874
E-mail: info@roseoverseas.com.np, roseovrs147@gmail.com, Web: www.roseoverseas.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PROFESSIONAL FIX FACILITIES MANAGEMENT LLC

पूर्व स्वीकृति मिति २०७९/१०/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२० LT. No. :279759 चलानी नं.६०१९५३३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 4 | 7 | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaning Supervisor | 0 | 35 | 2500 | ८८,३७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २८ गते (10th April 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. २५७/०५८/०५९

**Green Star Overseas Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Mobile: 9851054136, 9841012386, 9841345696
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com

# प्रतिनिधिसभाबाट बिम्स्टेक बडापत्र अनुमोदित

**काठमाडौं–** प्रतिनिधिसभाबाट बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिम्स्टेक) बडापत्र अनुमोदन भएको छ । प्रतिनिधिसभाको मंगलबारको बैठकमा उपप्रधान एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले राखेको 'बिम्स्टेक बडापत्रलाई अनुमोदन गरियोस्' भन्ने प्रस्ताव बहुमतबाट पारित भएको हो ।

बिम्स्टेक बडापत्रको प्रावधानमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै परराष्ट्रमन्त्री श्रेष्ठले बिम्स्टेकको आवश्यकता र यसको बडापत्रको अनुमोदनका सन्दर्भमा सांसदले राखेका विषयसँग सरकार सहमत रहेको बताए । बहुपक्षीय र क्षेत्रीय संगठनमा नेपालले आफ्नो सहभागिता जनाउँदै त्यसमा सकारात्मक भूमिका खेल्दै आइरहेको उल्लेख गर्दै उनले संयुक्त राष्ट्रसंघजस्ता बहुपक्षीय विश्व संस्थामा नेपालको सहभागिता रहँदै आएको बताए ।

'क्षेत्रीय संगठनलाई पनि आफ्नो सहभागितासहित प्रभावकारिता बनाउने दिशातर्फ प्रयत्न गरिरहेका छौं,' उनले भने, 'आफ्नो मुलुकको हित देख्ने मञ्चमा सहभागिता जनाउने र भूमिका खेल्ने हो ।' दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)लाई सक्रिय बनाउन नसकिएको यथार्थ सुनाउँदै सार्कलाई प्रभावकारी बनाउन थप पहलकदमी लिइने प्रतिबद्धता व्यक्त गरे ।

'बिम्स्टेक सार्कको प्रतिस्थापन होइन, हुन सक्दैन । सार्कलाई निष्क्रिय बनाउने बिम्स्टेक चलाउने विषयमा नेपाल सहमत छैन,' उनले भने, 'हामी सार्कलाई प्रभावकारी बनाउने पक्षमा छौं, अध्यक्षको हैसियतमा सक्रिय भूमिका खेल्नेछौं ।'

सन् २०२२ मा श्रीलंकामा भएको पाँचौं शिखर सम्मेलनमा नेपालसहित सबै सदस्य राष्ट्रले बडापत्रमा हस्ताक्षर गरेको जानकारी दिँदै उनले संसद्बाट अनुमोदन गरेपछि मात्रै कार्यान्वयनमा जाने स्पष्ट व्यवस्था रहेको बताए । 'नेपालबाहेक छ सदस्य मुलुकले संसद्बाट यो बडापत्रलाई अनुमोदन गरिसकेको सूचना प्राप्त भएको छ,' उपप्रधानमन्त्री श्रेष्ठले भने, 'नेपालले अनुमोदन गरेको ३० औं दिनपछि बडापत्र कार्यान्वयनमा जाने प्रावधान छ ।'

बिम्स्टेक बडापत्रको प्रावधानमाथिको छलफलमा भाग लिँदै राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा. स्वर्णिम वाग्लेले बिम्स्टेक बडापत्र अनुमोदनको प्रक्रियाको स्वागत गरे । बिम्स्टेकको प्रस्तावना, उद्देश्य तथा सिद्धान्त सकारात्मक रहेको उल्लेख गर्दै बडापत्रमा नेपालको सार्वभौमिकतामा आँच आउने प्रावधान नभएको बताए । 'आर्थिक समृद्धिको मुद्दामा क्षेत्रीय सहकार्य गर्ने उद्देश्यले बिम्स्टेक बल्ल जाग्दै छ, यसलाई हुर्काएर अघि बढाउन सक्यौं भने नेपालको हित नै हुन्छ,' उनले भने ।

नेकपा एमालेका सांसद रघुजी पन्तले प्राविधिक, शैक्षिक र अनुसन्धानका विषयमा नेपालले बिम्स्टेकबाट लाभ लिन सक्ने बताए । उनले भूराजनीतिक स्वार्थबाट जोगिएर राष्ट्रिय हितलाई सर्वोपरि राखेर अघि बढ्नुपर्नेमा जोड दिँदै क्षेत्रीय संगठनबाट मुलुकले लिन सक्ने लाभका बारेमा सरकारको ध्यान जानुपर्ने बताए । नेपाली कांग्रेसकी सांसद सीता मिजारले बिम्स्टेकबाट लाभ लिन सरकारले थप पहलकदमी लिनुपर्ने बताइन् ।

उक्त प्रस्तावमाथिको छलफलमा सांसदहरू विद्या भट्टराई, दीपा शर्मा, ईश्वरी घर्ती, सुनिता बराल, एकनाथ ढकाल, मनिष झा, गणेश पराजुली, सोविता गौतम, प्रदीप यादव, देवेन्द्र पौडेल, माधव सापकोटा, नारायणी शर्मा, पूर्णबहादुर घर्ती मगर, अब्दुल खान, प्रेम सुवाल, सोनु मुर्मू, विनिताकुमारी सिंह र दामोदर पौडेल 'वैरागी'ले भाग लिएका थिए ।

नेपालको संविधानको धारा, २७९ को (१) मा नेपाल पक्ष हुने सन्धि सम्झौताको अनुमोदन संघीय कानुनबमोजिम हुने व्यवस्था रहेको छ । नेपालको सन्धि ऐन, २०२७ को दफा ४ मा नेपाल सरकार, मन्त्रिपरिषद्ले बडापत्र अनुमोदनका लागि संघीय संसद्मा पेस गर्नुपर्ने व्यवस्था गरेको छ । सरकारले सोही व्यवस्थाअनुसार बिम्स्टेक बडापत्र अनुमोदनका लागि संसद्मा पेस गरेको हो । आर्थिक उन्नयन, सामाजिक प्रगति, वैज्ञानिक उपलब्धि, शान्ति, स्थायित्व र कनेक्टिभिटी जस्ता मुद्दामा क्षेत्रीय सहकार्य गर्ने उद्देश्यले सन् १९९७ मा बिम्स्टेकको गठन भएको थियो । बंगालको खाडी क्षेत्रमा रहेका पाँचवटा दक्षिण एसियाली राष्ट्र र दक्षिण पूर्वी एसियाली क्षेत्रका दुई राष्ट्रको संगठन हो । बिम्स्टेकमा बंगलादेश, भुटान, भारत, म्यानमार, नेपाल, श्रीलंका र थाइल्यान्ड सदस्य छन् । नेपाल सन् २००४ मा बिम्स्टेकको सदस्य बनेको हो । *रासस*

---

प्रदेश सरकार
सुदूर पश्चिम प्रदेश
**सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**महाकाली प्रादेशिक अस्पताल**
महेन्द्रनगर कंन्चनपुर

## बोलपत्र स्वीकृतीको लागि आसय पत्र जारी गरिएको सूचना

**सूचना प्रकाशित मितिः-२०८०।१२।२१ (3rd April 2024)**

महाकाली प्रादेशिक अस्पतालबाट मिति २०८०।९।८ गते राष्ट्रिय पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न लिखित कार्यको लागि बोल-पत्र आह्वान गरिएकोमा दर्ता हुन आएका बोल-पत्रहरुको मुल्याङ्कन समितिबाट मुल्याङ्कन भई तपशिलमा उल्लेखित फर्महरुको बोलपत्रमा उल्लेखित रकम सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा निज फर्मको कबोल अंक सदर गरि ठेक्का स्वीकृतीका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ प्रयोजन र सोही ऐनको २७ को उपदफा २ प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| ठेक्का नम्बर | कार्य बिबरण | स्वीकृत भएको फर्मको नाम | मु.अ.कर बाहेक स्वीकृत रकम/आईटम सख्या |
|---|---|---|---|
| MPH/NCB/Goods/ 2080/081-6 | Supply and Delivery of Medicine and surgical item for Hospital Pharmacy (Package A and B) | डि वि मेडिसिन सेन्टर धनगढी | ६६६३८५।५<br>६८ आइटम |
| MPH/NCB/Goods/ 2080/081-6 | Supply and Delivery of Medicine and surgical item for Hospital Pharmacy (Package A and B) | यूनिक फार्मा नेपालगंज | २११९६९४।५<br>२२० आइटम |
| MPH/NCB/Goods/ 2080/081-6 | Supply and Delivery of Medicine and surgical item for Hospital Pharmacy (Package A ) | यशोधा फर्मेसी धनगढी | ४९५९७२१।<br>८०९ आइटम |
| MPH/NCB/Goods/ 2080/081-6 | Supply and Delivery of Medicine and surgical item for Hospital Pharmacy (Package A ) | सृजना मेडिसिन सप्लायर्स नेपालगंज | ११९५४०<br>२० आइटम |
| MPH/NCB/Goods/ 2080/081-6 | Supply and Delivery of Medicine and surgical item for Hospital Pharmacy (Package A ) | साहारा मेडिसिन डिष्ट्रिव्युटर्स महेन्द्रनगर | १३६८०५<br>१५ आइटम |
| MPH/NCB/Goods/ 2080/081-6 | Supply and Delivery of Medicine and surgical item for Hospital Pharmacy(Package B) | भगवति साइन्टीफिक एण्ड ट्रेडिङ्ग अडर सप्लायर्स धनगढी | ६९८१५९<br>१११ आइटम |
| MPH/NCB/Goods/ 2080/081-6 | Supply and Delivery of Medicine and surgical item for Hospital Pharmacy (Package B ) | आयुस सर्जिकेम धनगढी | १४९१२८।<br>५३ आइटम |
| MPH/NCB/Goods/ 2080/081-6 | Supply and Delivery of Medicine and surgical item for Hospital Pharmacy (Package B) | सम्झना सर्जिकल एण्ड सप्लायर्स धनगढी | १७८८०३८ ।<br>१२८ आइटम |
| MPH/NCB/Goods/ 2080/081-6 | Supply and Delivery of Medicine and surgical item for Hospital Pharmacy (Package B) | ग्लोबल मेडिको प्रा लि काठमाण्डौ | ३४४६९१ ।<br>६५ आइटङ्ग |

**डा. अर्जुन भट्ट**

---

**भोजपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भोजपुर**

## वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकशित मितिः २०८०/१२/२१**

भोजपुर नगरकार्यपालिकाको कार्यालय, भोजपुरद्वारा मिति २०८०/०९/२७ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना वमोजिम पर्न आएका वोलपत्रहरुको मूल्याङ्कन गर्दा न्यूनत्तम मूल्याङ्कित तपसिल वमोजिमको वोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ (१) बमोजिम सम्बन्धित सबै वोलपत्रदाताहरुको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं | योजनाको नाम | फर्मको नाम | कवोल अंक (भ्याट समेत) | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | Bhjmun/Goods/ NCB/05/2080/18 | Phalphul tatha Shital Bhandar(Cold store) Nirman | Rhythm And Remash Builders,Kathmandu | ५१,२४,३६१.२९ | २८.५१ |

**प्रमुख प्रशासकिय अधिकृत**

---


## ओमनमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : MSHARY ASAAD ALMTMYZA**

पुर्व स्वीकृति मिति : २०८०/१२/१९ | LT. No.302934 | चलानी नं. ६०२१७७६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food Cook | 10 | 0 | 150 | ५१,९५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 10 | 0 | 140 | ४८,४८५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २८ गते (10th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SHADA EMPLOYMENT SERVICES PVT.LTD.**
SES SHADA EMPLOYMENT SERVICES
Gaushala-9, Opposite to Hotel Dwarika, Nepal, Tel: 01-4565453
E-mail : dawa007grg@gmail.com, md@shadaes.com.np
Website : www.shadaes.com.np
श्रम ईजाजत नं. १३८७/०७४/०७५



## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : AL-HUR INTERNATIONAL COMPANY FOR DELIVERING CONSUMER ORDERS**

पुर्व स्वीकृति मिति २०८०/१२/२० | LT. No. 302812 | चलानी नं. ६०२१७७७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 8 | 0 | 135 | ५८,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २८ गते (10th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SPACE HR SOLUTIONS PVT.LTD**
श्रम ईजाजत नं. १५७१/०७९/०८०
Ranibari-26, Samakhusi Kathmandu; Tel: 01-4357449, Whatsapp No.: 9841415166
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : REWAYAT AL-EBDAA FOUNDATION FOR GENERAL CONTRACTING**

पुर्व स्वीकृति मिति २०८०/१२/२० | LT. No. 302942 | चलानी नं. ६०२१७७७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building | 2 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २८ गते (10th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Elite Gurkhas Overseas Pvt. Ltd.**
ELITE GURKHAS OVERSEAS (P) Ltd.
Gongabu Town Planning-29 Kathmandu, Nepal, Tel.: +977-1-4975566, 4975567, 4975568
Fax: 977-1-4975566, E-mail: info@elitegurkhas.com.np, Web:www.elitegurkhas.com.np
श्रम ईजाजत नं.५३५/०६१/०६२



## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : KAPENG BARAKO**

पुर्व स्वीकृति मिति : २०८०/१२/२० | LT. No. 302977 | चलानी नं. ६०२१७७९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 1 | 2 | 1400 | ५१,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २८ गते (10th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बिआरआईमा चुकेको नेपाल

**चीन सरकारले अघि बढाएको बेल्ट एण्ड रोड इनिसिएटिभ अर्थात् बिआरआई नेपालीका लागि महत्त्वकांक्षी विषय बन्दै गएको छ। सन् २०१३ मा चीनका राष्ट्रपतिले एसियाका विभिन्न २० भन्दा बढी देशलाई जोड्ने उद्देश्यले बिआरआई परियोजना अघि सारेको हो। एसियाली देशहरूलाई सडकबाटै जोड्नने उद्देश्यले चीनले थालेको यो परियोजना नेपालका लागि भने 'हात्ती आयो हात्ती आयो फुस्स' बन्न थालेको छ।**

**केही अघि जसरी अमेरिकी परियोजना (एमसिसी) आउँदा जस्तो विरोध भएको थियो, अनि समर्थनमा उस्तै मानिसहरू लागेका थिए। तर बिआरआईबारे खासै धेरैको चासो देखिँदैन। प्रमुख दल नेपाली कांग्रेसका नेताहरू महँगोमा ऋण लिन नहुने विषयबाहेक बिआरआईप्रति चर्को विरोधमा देखिन्नन्। यसरी खासै विरोध नखेपेको विकासे परियोजना चीनलाई नेपाल भित्र्याउन भने मुस्किल भइरहेको छ।**

**यसको मूल कारण न त चीनले भनिदिएको छ, न नेपालले नै। तर सीधा कुरा यो परियोजनामा सम्बन्धित देशले कार्ययोजना दिएर बजेट माग्ने हो। नेपालले अहिलेसम्म कुनै परियोजना पेस गर्न सकेको छैन। सन् २०१७ मा अहिलेकै प्रधानमन्त्री पुष्पकमल दाहालको पालामा यो परियोजनामा चीनसँग हस्ताक्षर भएपछि यसबारे कुनै प्रगति हासिल गरेको छैन। यद्यपि चिनियाँ दाबीलाई मान्ने हो भने पोखरा अन्तर्राष्ट्रिय विमानस्थल बिआरआईअन्तर्गत नै निर्माण भएको हो। तर नेपालले यसबारे मुख खोल्न सकिरहेको छैन।**

**यस विषयमा उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठको चीन भ्रमणमा यसबारे विशेष छलफल हुने अनुमान गरिएको थियो। तर यसबारे सामान्य छलफलमै चित्त बुझाएर फर्केका छन् श्रेष्ठ। उनले अन्तिम रूप दिनका लागि छलफल गरेको भए पनि कुनै योजना नेपालले नबुझाउँदासम्म यो परियोजना बढ्ने होइन। यसको मूल जिम्मेवारी नेपाल नै हो। विकसित कुनै देशले सहयोगको निम्ति दिल खुला गर्छ भने यसलाई सहर्ष स्वीकार गर्न सक्नुपर्छ।**

**एमसिसीको विषयमा आफूलाई लोकतान्त्रिक दलको मसिहा ठान्ने नेपाली कांग्रेसले प्रतिवाद गर्दै भित्र्यायो। तर चीननिकट भनिएका कम्युनिस्ट पार्टीहरूले बिआरआईको कुनै समर्थनको बाटो पत्ता लगाएको देखिन्न। छिमेकी मुलुकले यसरी सहयोग गर्नु आफैंमा एउटा पाठ पनि हो। यद्यपि सहयोग गर्ने मुलुकको आफ्नै स्वार्थ हुन्छन्। तर बिआरआई जस्ता परियोजनालाई नेपालले आफ्नो स्वार्थअनुकूल उपयोग गर्न आवश्यक छ। हरेक विकासका परियोजनाले देशको आर्थिक अवस्था सुदृढ हुनुपर्छ। प्रतिपक्षी देखाएर पन्छिने काम गर्न हुन्न। त्यसैले प्रधानमन्त्रीलगायत विज्ञ बसेर चाँडोभन्दा चाँडो बिआरआईजस्ता कार्यक्रमलाई अघि बढाउन सके राम्रो।**

## मनन्योग्य

### चाणक्य नीति

यस्तो सूचनाले सिकन्दरका सैनिकहरूको हृदय काम्यो। विवश भएर झेलम नदीकै बाटो गरी सिकन्दरका सैन्यहरू आफ्ना देशतिर फर्किए।

सिकन्दर कैथियान (कठ) बाटै फिर्ता भएको थियो। उसले व्यास नदी पार गर्न सकेन। तर, हिंडेर नथाक्ने चाणक्य अर्थात् विष्णुगुप्त मगधमा आई सोच्न लागे- मैले यसभन्दा अगाडि मेरा परिचितसँग भेट्नु के उचित होला? अहं उचित छैन भन्ने पनि सोची मैले बाहिर नै बस्नु उपयुक्त छ भन्ने ठान्दै सहरबाहिर एउटा झुपडी निर्माण गरी नजिकै गाउँमा बालकहरूलाई शिक्षा दिने कार्य प्रारम्भ गरे।

झोपडीका वरपर कुश उम्रिएको थियो। एक दिन उनका खुट्टामा कुशको टुसोले घोच्यो। बाटो सफा गर्दा पहिलेदेखि दुई-तीनपटक कुशले घोचेको थियो। त्यसलाई काटेका थिए तर यसपटक उनलाई साह्रै रिस उठ्यो। सबै कुश हातले उखल्न थाले। उखल्दै खाडल परेका स्थानमा माटो हाल्दै गर्दथे। त्यसो गर्दा उनी पसिनाले निथ्रुक्कै भिजे तर पनि कुश उखल्न छाडेनन्। मिसिनजस्तो बनेर काम गर्दै थिए। उनले अलिकति पनि थाहा पाएनन् कि पछाडिबाट कुनै मानिसले पनि उनलाई हेरिरहेछ।

त्यो हेर्ने व्यक्ति सोच्तै आफ्नो मनमनै भन्थ्यो- 'कति आवेश र प्रतिशोध छ यस व्यक्तिमा, कसरी कुशले गरेको अहितलाई सम्झेर फेदैदेखि कुश नष्ट गर्दैछन् यी व्यक्ति? सायद मेरो कामका लागि यिनै व्यक्ति उपयुक्त होलान् कि!

केही बेरपछि तिनले मनमा गुने, यी ब्राह्मण देवताको कुशसँग यत्रो रिस किन? चाणक्यले फर्केर हेरे- अगाडि राजसी पहिरनमा कुनै बृद्ध खडा छन्। विष्णुगुप्त आश्चर्यमा पर्दै ती बृद्धलाई चिन्ने प्रयत्न गर्छन्- अनि मनमा पूरा विश्वास भएपछि बूढाका गोडामा पर्दछन्।

एक ब्राह्मणले आफ्ना खुट्टा पक्रिएको देखी मगधका अमात्य शकटार असमञ्जस स्थितिमा परे। ब्राह्मणसँग सोधे- भद्रपुरुषको परिचय पाउँछु? विष्णुगुप्त सम्हालिएका थिए र बेहाल हुँदै भने- के पिताजीले आफ्नो छोरालाई बिर्सनुभयो? म तपाईंकै कौटिल्य हुँ, चणकपुत्र...तर लोक मलाई तक्षशिलामा विष्णुगुप्तका नामले चिन्दछन्।

शकटार पनि आश्चर्यचकित भए। उनलाई विश्वास लागेन किनकि चणकका छोरा त मरिसकेका थिए। तर, तिनै व्यक्ति कौटिल्य एक विद्वान् पुरुष विष्णुगुप्तका रूपमा अगाडि थिए जसको चर्चा शकटारले धेरै सुनेका थिए।

क्रमश:

# काठमाडौंलाई 'कंक्रिटमाडौं' हुनबाट बचाउने अभियान



▶▶ पदम श्रेष्ठ

> काठमाडौं उपत्यकालाई कंक्रिटमाडौं हुनबाट बचाउन पहिलो चरणमै चक्रपथभन्दा बाहिरका खुला ऐतिहासिक स्थलहरूलाई भौतिक संरचनाविहीन प्राकृतिक पर्यटकीय नगरीको रूपमा अगाडि बढाउनुपर्छ भन्ने सुझाव छ, अभियानको। यसका लागि स्थानीयको अग्राधिकार कायम हुनेगरी वरिपरिका डाँडालाई निम्नलिखित संरचनाअनुसार वर्गीकरण गर्दै स्थानीयकै अगुवाइमा अर्गानिक कृषि, ऐतिहासिक, सांस्कृतिक र सर्वधर्म समभावयुक्त धार्मिक पर्यटकीय क्षेत्रको रूपमा प्रवर्द्धन गरिनुपर्ने अभियानको माग हो।

खोइ कहाँबाट कसले हो, सांस्कृतिक नगरी काठमाडौं उपत्यकाको चारकुनामा चारवटा एक लाख ३० हजार रोपनीको 'स्मार्ट सिटी' र एक लाख रोपनी खेतीयोग्य जमिन अधिग्रहण गरी आठ लेनको ७२ किलोमिटर बाहिरी चक्रपथ निर्माणको घोषणा थाले छ, लगत्तै स्थानीयले विरोध गरे।

किनकि झण्डै मरुभूमिकृत उपत्यकाभित्रको अहिले बन्दै गरेको चक्रपथ त ३०औं वर्षदेखि अचकल्टिएको अवस्था रहेको बेला बाहिरियाले ल्याइदिएको बाहिरी चक्रपथ र हरियालीविहीन 'स्मार्ट सिटी' बनेमा काठमाडौंबासी स्वासप्रश्वासका लागि ग्यास सिलिण्डर बोकेर हिंड्नुपर्ने छ र सो संरचनाले ३० प्रतिशत खेतीयोग्य जमिन नष्ट हुने चेतावनी दिएका छन् विज्ञहरूले। यसमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको योजना के छ भन्ने नेपाल मण्डल पर्यटन नगरी प्रतिनिधिमण्डलले बुझ्न जाँदा संस्कृतिमन्त्री हितबहादुर तामाङले सीधै पैसा नभएको जवाफ फर्काए।

काठमाडौं उपत्यकालाई सांस्कृतिक पर्यटनको केन्द्र बनाउन जनस्तरबाटै आवाज बुलण्ड भइरहेको बेला माथिबाट लादिने फास्ट ट्र्याक (द्रुतमार्ग), रेललगायतका परियोजनाबाट यहाँका संस्कृतिमा रमाउने आदिवासीहरू कसरी खुसी होलान्? सांस्कृतिक नगरी काठमाडौं उपत्यकालाई पर्यटकीय नगरीको रूपमा उत्थान कसरी गर्न सकिन्छ भन्नेबारे छलफल गर्न पुगेका प्रतिनिधिसामु मन्त्रीको यस्तो जवाफ पाएपछि अभियन्ताहरू निराश बनेर फर्किनुको विकल्प रहेन। विकेन्द्रित संघीय राज्य संरचना नहुनु नै सांस्कृतिक काठमाडौं उपत्यका 'कंक्रिटमाडौं' बन्दै जानुको प्रमुख कारण भएको तथ्य पनि १० वर्षे जनयुद्ध र १९ दिने जनआन्दोलनले प्रमाणित भइसकेको अवस्था थियो।

सानो २५० वर्गमाइल क्षेत्रफलभित्रको काठमाडौं उपत्यकामा ४५ लाख जनसंख्या पुगिसकेको छ। हरियालीविहीन स्मार्ट सिटी र बाहिरी चक्रपथको निर्माण भएमा लगत्तै त्यसमा २० लाख जनसंख्या थपिने निश्चित छ। त्यसरी जथाभावी निर्माणले जनसंख्या थपिँदै जाने हो भने उपत्यकाको वातावरण झनै विकराल बन्दै जाने विज्ञहरूले चेतावनी दिएका छन्। यसलाई कसरी न्यूनीकरण गर्दै जान सकिएला भन्ने प्रस्तावसहित सोलुसन समाजका अध्यक्ष साधुराम महर्जन, पुर्ख्यौली जमिन विदेशीलाई नबेचौं अभियानका अभियन्ता प्रेमराज बासुकला, पर्यटन अभियन्ता विमला राउत, निर्वाणा आर्ट ग्यालरीका प्रमुख बेखराम वलामीलगायत सात जना विविध क्षेत्रका पर्यटन अभियन्ताहरू मन्त्री तामाङलाई भेट्न पुगेका थिए। उनीहरूको एउटै चिन्ता थियो सांस्कृतिक नगरी काठमाडौं उपत्यकावासीका लागि पानी, खाद्यान्न, स्वास्थ्य सेवामात्र होइन कि हावाकोसमेत अभाव हुन थालेकोले त्यो नियन्त्रणका लागि मन्त्रालयले कस्तो कार्ययोजनाहरू ल्याउँदै छ। अरूको त कुरै छोडौं दैनिक २२ हजार करोड लिटर पानीको माग छ उपत्यकामा। तर जाडोमा १० हजार करोड लिटर र गर्मीमा १७ हजार करोड लिटरमात्र पानी उपलब्ध भइरहेको खानेपानी बोर्डको भनाइ छ। मेलम्चीको ५४ हजार करोड लिटर पानी थपिँदा पनि जनसंख्याको चापसँगै केही वर्षभित्रै पानी पर्याप्त नहुने निश्चित छ। यसमा पर्यटन मन्त्रालयले के योजना ल्याउँदै छ भन्ने चासो थियो अभियन्ताहरूको।

### संस्कृतिमन्त्रीसँग गरिएको अपेक्षा

काठमाडौं उपत्यकालाई कंक्रिटमाडौं हुनबाट बचाउन पहिलो चरणमै चक्रपथभन्दा बाहिरका खुला ऐतिहासिक स्थलहरूलाई भौतिक संरचनाविहीन प्राकृतिक पर्यटकीय नगरीको रूपमा अगाडि बढाउनुपर्छ भन्ने सुझाव छ, अभियानको। यसका लागि स्थानीयको अग्राधिकार कायम हुनेगरी वरिपरिका डाँडालाई निम्नलिखित संरचनाअनुसार वर्गीकरण गर्दै स्थानीयकै अगुवाइमा अर्गानिक कृषि, ऐतिहासिक, सांस्कृतिक र सर्वधर्म समभावयुक्त धार्मिक पर्यटकीय क्षेत्रको रूपमा प्रवर्द्धन गरिनुपर्ने अभियानको माग हो। अभियानले वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल, तत्कालनि गृहमन्त्री रामबहादुर थापा, राष्ट्रिय सभाका तत्कालीन अध्यक्ष गणेशप्रसाद तिमिल्सिनालगायतका व्यक्तित्वहरूको आतिथ्यतामा थुप्रै जनचेतनामूलक कार्यक्रम गरी माथिबाट लादिने कतिपय योजनाहरू सुधार वा फिर्ता हुन सकेको अवस्था भएको अभियन्ताहरूको कथन छ।

नेपाल मण्डल पर्यटन नगरी अभियानले उपत्यकाका चारैतिरका 'पर्यटन हब'बारे लिखित वा वृत्तचित्रमार्फत पनि जनजागरण गरी सांस्कृतिक पर्यटन हबलाई अगाडि लगिरहेको अवगत गराइएको थियो। अभियानलाई अघि बढाउन काठमाडौं उपत्यकाको चारैतिरको पर्यटकीय क्षेत्रलाई पाँच भागमा विभाजन गरी पर्यटकीय अवधारणालाई अगाडि ल्याएको छ, जुन अवधारणालाई सुधार गर्दै कार्यान्वयन गर्ने अभियानले लक्ष्य बनाएको छ। स्वयम्भू महाचैत्य (१४१० मि.): को दर्शनार्थ अनेक बुद्ध नेपाल आएको कथन छ। जुन कथनलाई केन्द्रीकृत गर्दै वरिपरिका पर्यटकीय क्षेत्रहरूको प्रवर्द्धन गर्न जनस्तरबाटै आ-आफ्नै ढंगले प्रयास थलिसकेको छ। यसैबीच उपत्यकाका पाँच सम्पदास्थललाई पाँच नगरीका रूपमा अगाडि ल्याइएको छ।

#### चन्द्रागिरी चम्पादेवी पर्यटन नगरी

चन्द्रागिरि (७९५० फिट) माथि बुद्ध स्तुपा र चैत्यलाङमार्ग (चित्लाङ) रहेको छ। हालै केबलकारसहित भालेश्वर महादेव स्थपित छ। नागढुंगा, छैमले, वाडभञ्ज्याङ, चित्लाङ, टिस्टुङ, पालुङ, थानकोट, देउराली, मच्छेगाउँ, कीर्तिपुर, चोभार, फर्पिङ, यंकीदह आदि।

#### फुल्चोकी लाकुरी भञ्ज्याङ पर्यटन नगरी

फुल्चोकी (९०७३ फिट) गोदावरी डाँडा: विश्वभूबुद्ध र फुचोमाजु (मञ्जुश्री) ले ध्यान गरी सिद्ध भएको पीठ मानिन्छ। भट्टेडाँडा, बुङ्मती, खोकना, देवीचौर, भुसेलडाँडा, दहचोक, नल्लु, लेले, कोडभञ्ज्याङ रानीकोटगढी, पोखरेथुम्का, पञ्चलिंग, घ्याम्पेडाँडा, नैचलडाँडा, पाटी भञ्ज्याङ आदि।

#### नगरकोट जरसिंहपौवा पर्यटन नगरी

नगरकोट (५९३३ फिट): मञ्जुश्री र उनकी पत्नी सरस्वती ल्हासा प्रस्थान गर्दा बसेको स्थानका रूपमा लिइन्छ। मणिच्युड दह (७२०० फिट): बोधिसत्व मणिचुड महाराज (भगवान गौतम बुद्धको पूर्वावतार)ले बज्रयोगिनीको आदिभूमि साँखुवासीलाई रोगबाट बचाउन आफ्नो शिरको मणिमस्तक काटेर दान गरेका थिए। साँगा भञ्ज्याङ, बनेपा, धुलिखेल, पनौती, कलामछीडाँडा, चाँगुनारायण, भट्टेडाँडा, नाङलुङ, थाना भञ्ज्याङ, जरसिंहपौवा, लप्सेफेदी, नाङलेभारे, चौकी भञ्ज्याङ, कातिके भञ्ज्याङ, चिसापानी, मेलम्ची आदि।

#### शिवपुरी, ककनी पर्यटन नगरी

शिफुचो: बूढानीलकण्ठ (शिवपुरी ८९६२ फिट): क्रकुच्छन्द बुद्धले स्थानीयलाई बुद्धधर्ममा दीक्षित गराएको स्थान। झुलेडाँडा, मणिच्युड, बज्रयोगिनी, गागलफेदी, मुलखर्क, पोखरेली, चिलाउने, तारेभिर, सुन्दरीजल, शिवपुरी, गोकर्ण, रिमिकोट, बूढानीलकण्ठ, खड्ग चपली भद्रकाली, गरुजु भञ्ज्याङ, झोर महाँकाल, टोखा, कल्लेडाँडा, तारकेश्वर, मनमैजु, जीतपुर, धर्मस्थली, गोलढुंगा, ककनी आदि।

#### जामाचो यंकीदह पर्यटन नगरी

जामाचो पहाड (नागार्जुन ६३३० फिट): बोधिसत्व नागार्जुनले बज्रयान ध्यानलाई प्रवर्द्धन गराएका थिए। मुड्कुगढी, बालाजु, नागार्जुन, इचंगु, स्वयम्भू, इनडाँडा, भिमढुंगा, रामकोट, वतासेडाँडा, कीटिन भञ्ज्याङ, बलम्बु, दहचोक आदि स्थल।

#### नेपाल मण्डलको पहिचान

खास नेपाल मण्डल (यें, येंम्बुङ) को क्षेत्रफल करिब २५० वर्ग माइल छ। यसरी हेर्दा नेपालमण्डलका प्रत्येक डाँडा बौद्ध, शैव र शाक्त धर्म, संस्कार र इतिहाससँग सम्बन्ध गाँस्दै उपत्यकाभित्र बग्ने बागमती/विष्णुमती, मनहरा, भाटाखुसी, हनुमन्ते, टुकुचा, बल्खु, सपनतीर्थलगायत १३ वटा नदी ३६० किलोमिटरको दूरीमा ६३० वर्ग किलोमिटरको क्षेत्रफल पार गरी ह्रासिकाप चोभारबाट बाहिर निस्कन्छ। उपत्यकाको पानी चोभारबाट बाहिर गएपछि, मानवबस्ती सभ्यताको सुरुआत यिनै नदी किनारबाट भएको मानिन्छ। त्यसैले पनि स्वयम्भू, बौद्ध, नमोबुद्धलगायतका डाँडाको चारैतिरका पवित्र बौद्धस्थलको दर्शनार्थ विश्वकै बौद्ध धर्मावलम्बीहरू यहाँ आउँछन् भने शैव तथा शाक्त र नारायण सम्प्रदायहरू पशुपति, चाँगु, बूढानीलकण्ठ, पाटन कृष्णमन्दिर जस्ता पवित्रस्थल पुग्ने गर्दछन्।

विश्वकै धर्म सम्प्रदायहरूको मिलिजुली केन्द्रस्थल नेपाल मण्डलमा अन्य मतपथ सम्प्रदायहरू खिस्टियनको पुटली सडक र कालोपुल चर्च, मुस्लिमको जमलमा नेपाली जामे मस्जिद र कास्मिरी मस्जिद, बहाईको भिमसेनगोलामा बहाई टेम्पल छन् भने सर्वधर्मको सन्देशलाई व्यवहारमा सदुपयोग गर्दै अगाडि बढिरहेको धर्म साईबाबा, सञ्जय साईबाबा, जैन धर्मको प्रतिनिधित्व गर्ने मन्दिर कमलपोखरीको जैन मन्दिरसम्म छन् यहाँ। त्यसैले पनि सानो काठमाडौं उपत्यकाभित्र काठमाडौं, ललितपुर, भक्तपुर दरबार क्षेत्र, बौद्ध, पशुपति, चाँगुनारायण, बूढानीलकण्ठजस्ता सम्पदाहरू विश्व सम्पदामा पर्न सफल हुन सकेका हुन्। अन्य सम्पदा पनि सूचीकरणका लागि प्रस्तावित छन्। यति धेरै सम्पदा र संस्कृतिले समृद्ध उपत्यकालाई केन्द्रीकृत विकासको चेपुवाबाट मुक्त गर्दै पर्यटनको प्रवर्द्धन गर्न नेपाल मण्डल पर्यटन नगरीको अवधारणा नै एकमात्र अचुक उपाय हो। यसका लागि:

१) केन्द्रीकृत जनसंख्याको चापलाई विकेन्द्रित व्यवस्थापन गर्दै लैजने।
२) प्राचीन सभ्यता संस्कृति र प्राचीन बस्ती संरचनालाई पुनर्जागृत गर्ने।
३) काँठ क्षेत्रको विकास प्रवर्द्धन गरी, स्थानीयको आयस्रोतमा समृद्धिका लागि काठमाडौं वरिपरिका क्षेत्रलाई अर्गानिक कृषि पर्यापर्यटनको अवधारणाअनुरूप विकास गर्दै लैजाने।
४) यसका लागि प्रस्तावित पाँच पर्यटन हबलाई स्थानीयकै सहभागितामा प्रवर्द्धन गर्दै लैजाने।
५) स्थानीयले घरजग्गा बाहिरियालाई नबेच्ने अभियान चलाउने र सो घर जग्गामा आफैंले उद्यम गरी जागिर खान विदेश जाने वातावरण अन्त्यका लागि सरकारले कृषि र पर्यटनमा प्रोत्साहित गराउँदै लैजान अभियानको प्रस्ताव हो।

जुनसुकै दलको सरकार भए पनि अभियानका लागि नीति, नियम, कानुन बनाएर काठैकाठलेयुक्त सांस्कृतिक नगरी काठमाडौं उपत्यकालाई कंक्रिटीकरण हुन नदिने अभियानको लक्ष्य रहेको छ। यसमा सरोकारवालाको ध्यान पुगे मुलुककै लागि लाभदायी हुनेमा द्विविधि रहन्न।

# वास्तु र व्यवहार

▶▶ भरतमणि ज्ञवाली

### के हो वास्तु ?

वास्तुको जन्म भाद्र कृष्णपक्षको तृतीया तिथिमा भएको हो। विश्वकर्मा प्रकाश नामक ग्रन्थका अनुसार एउटा अति विशाल मानव आकृतिको उत्पत्ति भयो। जसले संसारलाई ढाक्यो। यसबाट आत्तिएका देवताहरू ब्रह्माजीसँग समस्या समाधान गर्न अनुरोध गरे। ब्रह्माजीले त्यो विशाल पुरुषाकृतिलाई उँधो मुख गरी थिच्न लगाए। आफूलाई देवताहरूले थिचेपछि आत्तिएको त्यो विशाल आकृतिले ब्रह्माजीसँग आफू अन्यायमा परेको गुनासो गरेपछि 'वास्तुपुरुष' भनी वरदान दिएको विश्वकर्मा प्रकाश नाम ग्रन्थमा उल्लेख छ।

वास्तुपुरुषलाई कुनै भवन, मन्दिर, गाऊँ, सहर, जलाशयलगायतका निर्माण गर्दा पूजा गर्नुपर्ने र वास्तुको शरीरका अंगहरूलाई नकारात्मक असर नपर्ने गरी निर्माण गरिनु विधि वा वरदान प्राप्त भयो। यदि वास्तुपुरुष अर्थात् वास्तुविपरीत निर्माण भए गरेमा त्यहाँ बस्नेहरूमा खुसी नमिल्ने व्यवस्था गरियो। आज पनि उँधो मुख अर्थात् घोप्टो परेको आकृतिलाई 'वास्तुपुरुष' भनी मान्दै आएको पाइन्छ।

गृह निर्माण गर्दा शिलान्यास, नवगृह प्रवेश, जीर्ण गृहप्रवेश, लामो यात्रा पर्यन्त गृहप्रवेश, मूलद्वार स्थापना, व्रतबन्ध, विवाह आदि काम गर्दा वास्तुपूजन अनिवार्य मानिन्छ। बनिसकेको घरमा पनि विभिन्न समस्याहरू आउन थाले भने वास्तुपूजन वा वास्तु शान्ति गराउनुपर्छ। पौराणिक ग्रन्थका अनुसार घरमा चटचाङ परेको अवस्थामा, पटकपटक सर्पहरूले दुःख दिन थालेमा, कौवा, लाटोकोसेरो, परेवा आदिले बास गर्न थालेमा वास्तुदोष भएको मानिन्छ। घरमा अरिंगाल, बारुलो, मौरी आदिले बास गर्न थाले, बिरालो, स्याल आदि निरन्तर आवाज दिन थाले, पाल्तु जनावरहरू अनाहकमा रातमा कराउने गरेका छन् र घरमा अनाहकमा कहल हुन थालेको छ भने त्यस्तो घरमा वास्तुदोष छ भनेर बुझ्न सकिन्छ। यदि यस्तो अवस्था छ भने तत्काल वास्तु शान्ति गराउनुपर्छ भन्ने शास्त्रीय मान्यता छ।

हरेक मानिसको जीवनमा भाग्य, कर्म र वास्तुको बराबर प्रभाव हुन्छ। मानिसले आफूले गर्ने कर्मको प्रतिफल कर्मअनुसार नै पाइरहेको हुन्छ। यदि कर्ममा शुद्धता छ र शुभकर्म छ भने त्यसको परिणाम पनि शुभ नै हुन्छ। यद्यपि धेरै मानिसले सकारात्मक कर्म गर्दागर्दै पनि उपलब्धि प्राप्त गर्न सकिरहेको हुँदैन। यदि मानिसको कर्म राम्रो छ र पनि परिणाम नकारात्मक छ भने त्यहाँ उसको भाग्य र वास्तुले साथ दिइरहेको छैन भन्ने बुझिन्छ। मानिस भाग्यले पनि पूर्ण छ, कर्ममा पनि राम्रो छ तर पनि परिणाम भनेजस्तो छैन भने वास्तुदोषले समस्या दिइरहेको हुन्छ। यी तिनै पक्षलाई विचार गरेर हेर्दा मानिसले भाग्यलाई बदल्न सक्दैन। परारब्ध अर्थात् उसको पूर्वजन्मको सञ्चित कर्मको परिणाम भोग्नैपर्छ। वास्तुशास्त्र र यस क्षेत्रका विद्वानहरू भाग्यलाई विधिको विधान भन्छन् तर कर्म र वास्तुलाई सकारात्मक बनाउन सकिन्छ भन्ने निष्कर्ष निकाल्छन्। त्यसैले भाग्यको मात्र भर परेर जीवनमा सकारात्मकता ल्याउन सकिन्न। कर्मलाई सकारात्मक बनाउने र वास्तुशास्त्रीय मान्यतालाई प्रयोगमा ल्याउने हो भने जीवनमा सकारात्मकता ल्याउन सकिन्छ।

### कसरी सकारात्मक हुन्छ वास्तु ?

सामान्यतया बजारमा वास्तुको विषयमा निकै चर्चा सुनिन्छ तर वास्तुको विषयमा चासो राखेजस्तो लागे पनि मानिस आफैंले वास्तु बिगारिरहेका हुन्छन्। थाहा नभएर वास्तु बिग्रनु सामान्य हो तर कतिपय अवस्थामा मानिसले थाहा पाएर पनि वास्तुविपरीत काम गरिरहेका हुन्छन्। दैनिक जीवनमा प्रयोग गरिने अनेकन सामानहरूले वास्तुमा प्रत्यक्ष सम्बन्ध राखेको हुन्छ। आफूले प्रयोग गर्ने गरेका सामानहरूको सही स्थान र उपयोगमा ध्यान नदिंदा घरको वास्तु नकारात्मक बन्दै गएको हुन्छ।

वास् अर्थात् निवासको सकारात्मक ऊर्जा बढाउँदै नकारात्मक ऊर्जा कम गराउने वैदिक पद्धति नै वास्तु हो। वस्तुको स्थान, आकार, रङ आदिबाट प्रभावित हुन्छ। आधुनिक जीवनमा यसको व्यवस्थापन जटिल तर अनिवार्य बन्दै आएको छ। सानो ठाउँमा अधिक वस्तुहरूको व्यवस्थापन गर्नुपर्ने बाध्यता हुँदा हामीहरूले वास्तु व्यवस्थापन गर्न सकिरहेका हुँदैनौ। बढ्दो सहरीकरण, बहुतले भवन,




औद्योगिकीकरण, जमिनको कमीलगायतका कारण वास्तु व्यवस्थापन जटिल बन्दै आएको छ। यीनै जटिलताका कारण वास्तु व्यवस्थापन छायामा पर्ने गरेको छ। जसले गर्दा निवासमा नकारात्मक ऊर्जा बढ्दै गएको हुन्छ। त्यसैले नकारात्मक ऊर्जा कम गर्न वास्तु व्यवस्थापन झन् जरुरी बनेको छ।

घर या कार्यालयको ऊर्जा सकारात्मक भएन भने त्यहाँ बस्ने या काम गर्ने मानिसको भावमा सकारात्मकता आउँदैन। नकारात्मक ऊर्जा र मनस्थितिकाबीच गरिएका कार्यहरू सफल हुँदैनन्। मानिसमा झन्झन् चिन्ता र नैराश्यता उत्पन्न हुन्छ। त्यसैले विविध जटिलता हुँदाहुँदै पनि सम्भव भएसम्म वास्तुका मूल मान्यतालाई बिर्सन या बेवास्ता गर्नुहुँदैन। निवास वा कार्यालयको निर्माण र आन्तरिक साजसज्जामा ध्यान दिने हो भने अधिक वास्तु सकारात्मक बन्छ। अवस्था र व्यवस्था हेरेर पूर्ण व्यवस्थापन गर्न नसकिए पनि मूल कुरामा भने ध्यान दिनैपर्छ। हामी सबैले वास्तु व्यवस्थापन गर्दा केही आधारभूत कुराहरू थाहा पाउनैपर्ने हुन्छ।

छोटो आलेखमा समग्र वास्तुको चर्चा सहज छैन। यद्यपि हरेक मानिसले आफैं प्रयास गर्दा वास्तु सकारात्मक हुने अवस्थाहरूको चर्चा औचित्यपूर्ण हुनसक्छ। त्यसका लागि हामीले आफ्नो निवासलाई विशेष ध्यान दिनुपर्छ। बास अर्थात् निवास सकेसम्म सफा र स्वच्छ हुनुपर्छ। घरको सरसफाइसँगै वस्तुहरूको उचित व्यवस्थापन हुनुपर्छ। घरमा अनावश्यक सामग्री राख्नुहुँदैन। अनावश्यक र प्रयोगमा नआउने सामानहरू 'पछि चाहिएला' भनेर सञ्चय गरिराख्नु वास्तुका हिसाबले नकारात्मक मानिन्छ। कतिपय मानिसहरू आफ्नो घरमा पुराना सामानको भण्डार नै गरेका हुन्छन्। फुटेका ऐना, बिग्रिएका घडी, मेसिनका पार्टपुर्जा, नचल्ने मोबाइल, रेडियो, बल्वहरू सञ्चय गरेर राख्ने गरेको पाइन्छ। यी वास्तुको नकारात्मक ऊर्जाका स्रोत हुन। यसलाई सकेसम्म छिटो घरबाट हटाइहाल्नुपर्छ। बिग्रिएका सामानले घरको ऊर्जा बिगार्छ। राम्रा र आकर्षक वस्तुले सकारात्मक उर्जा उत्पन्न गर्छ।

वैदिक वास्तुमा आठ दिशा र दश दिक्पालको विशेष ख्याल राखेर वास्तु व्यवस्थापन गरिन्छ। जमिनको प्रत्येक टुक्रामा वास्तुपुरुषको निवास हुने हुनाले निर्माण वा व्यवस्थापनमा त्यसलाई ध्यानमा राख्नुपर्छ। पानीजन्य वा जलीय पदार्थ इशान क्षेत्रमा उपयुक्त हुन्छ। पानीको धारो, स्नान गर्ने स्थान, भूमिगत जल सञ्चय यसै क्षेत्रमा राख्नुपर्छ। इशान वास्तु पुरुषको शिर भएकाले यस क्षेत्रमा जलीय पदार्थ सकारात्मक ऊर्जाको स्रोत बन्छ। यसले निवासमा सकारात्मकता सिर्जनामात्र गर्दैन त्यहाँ निवास गर्ने व्यक्तिको जीवनमा पनि सकारात्मकता ल्याउँछ।

निवास या कार्यालयको मुख्यद्वार सबैभन्दा महत्त्वपूर्ण हुन्छ। त्यसैले कुनै पनि निर्माण गर्दा मुख्य प्रवेशलाई विशेष ध्यान दिनुपर्छ। स्थान, अवस्था र दिशा हेरेर मुख्यद्वार निर्माण गर्दा सकारात्मक ऊर्जा भएको स्थान चयन गरिनुपर्छ। मुख्यद्वार घरका अन्य द्वारभन्दा ठूलो र आकर्षक बनाउनुपर्छ। जहाँबाट प्रकाश घरभित्र अधिकतम स्थानमा पुगोस्। निर्माण भइसकेको घर वा निवासको मुख्य ढोका अगाडि फोहोर हुनुहुँदैन। अनावश्यक खाल्डो, ठूला-ठूला रुख, बिजुलीको खम्बा तथा अन्य कुनै पनि सामग्रीको थुप्रो कदापि हुनुहुँदैन। आफ्नो घरको मुख्य ढोकाको सामुन्ने अर्कोको घरको मुख्य ढोका छ भने यसले वास्तुदोष उत्पन्न गर्छ।

मुख्य प्रवेशमा कतैबाट छाया नपरोस् भन्ने कुरामा सचेत हुनुपर्छ। स्वच्छ, सफा मुख्य प्रवेश नजिकै शुभस्थान हेरेर तुलसीको मठ निर्माण गरिनुपर्छ। मुख्य प्रवेश र भान्सा सिधा लाइनमा हुनुहुँदैन। बाहिरबाट प्रवेश गर्दा भान्सा सकेसम्म नदेखियोस् भन्ने कुरामा ख्याल राख्नुपर्छ। अचेल अधिकांश घरहरूमा भान्सा र शौचालय नजिक नजिक राख्ने गरेको पाइन्छ। यसो गर्नुहुँदैन। पूजा कोठा, भान्सा र शौचालय नजिक बनाउँदा वास्तुदोष उत्पन्न गर्छ। तसर्थ पूजास्थान घरको इशान क्षेत्रमा, भान्सा कोठा आग्नेय क्षेत्रमा र शौचालय पश्चिम या दक्षिण क्षेत्रमा व्यवस्थापन गर्नुपर्छ। शौचायलमा शौच गर्दा उत्तर या पूर्वाभिमुख हुनेगरी मिलाउनुपर्छ। 'सफि्टक टचांक'लाई सकेसम्म वायव्य क्षेत्रमा बनाउनुपर्छ।

हरेक मानिसले पहिलो चरणमा आफ्नो घरको सरसफाइ, मुख्यद्वार, पाकशाला, पूजास्थल र शौचालयको सही व्यवस्थापन गर्दा अधिकतम वास्तुदोष कम हुन्छ। घरमा भएका पशुपक्षी र किटपतंगहरूको अवस्था हेरेर वास्तुको अवस्था सुधार गर्ने प्रयत्न गर्दा शुभफल प्राप्त गर्न सहज हुन्छ। हरेक शुभकार्यमा वास्तुपूजन या वास्तु शान्ति गराउने र वर्षभरीमा कुनै पनि शुभकार्य गरिएको छैन भने वर्षमा एकपटक वास्तु शान्ति गराउने बानी बसाल्नु रामो मानिन्छ। *रासस*

# एक हप्तामा २८ जनामा कोरोना संक्रमण

**काठमाडौं (प्रस)–** मौसम परिवर्तनसँगै कोरोना भाइरसका लक्षण भएका बिरामी देखिन थालेका छन्। मौसम परिवर्तनसँगै व्यक्तिमा रुघाखोकी, ज्वरो, फ्लु देखिन थालेको चिकित्सकले बताएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार विगत एक हप्तामा २८ जनामा कोरोना संक्रमण देखिएको छ । ती संक्रमितमा सुदूरपश्चिम प्रदेशमा भारतबाट आएका रहेका छन् । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा. युवानिधि बसौला कोरोना संक्रमित फाट्टफुट्ट उपचारका लागि अस्पतालमा आउने गरेको बताउँछन्। 'मौसममा आएको परिवर्तनसँगै रुघाखोकी र ज्वरोका बिरामी आउने गरेका छन्,' उनले भने, 'तर बाहिर हल्ला गरेजस्तो कोरोना संक्रमित अस्पतालमा छैनन् ।'

निर्देशक डा. बसौलाका अनुसार अहिले तीन संक्रमितले सघन उपचार कक्ष (आइसियू) र दुई जनाले शयचामा उपचार गराइरहेका छन् । अन्य अस्पतालमा आइसोलेसन नभएर टेकु अस्पतालमा बिरामी आउने गरेको उनले बताए ।

मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीले भारतमा पुस महिनामा कोरोना भाइरसको नयाँ भेरियन्ट जेएन-१ देखिएसँगै नेपालमा पनि कोरोनाका बिरामी देखिएको बताए। 'भारतमा देखिएपछि नेपालमा पनि फाट्टफुट्ट बिरामी देखिएका हुन्,' उनले भने, 'तर अहिले भने बाहिर हल्ला गरेजस्तो कोरोना संक्रमित छैनन्। अहिले मौसम परिवर्तनसँगै फ्लुका बिरामी देखिएका हुन् ।' नेपालमा पनि कोरोना भाइरसको नयाँ भेरियन्ट जेएन-१ पुष्टि भएको छ । उनले कोरोना भाइरसविरुद्धको खोप नलगाएका व्यक्ति, दीर्घरोगी र ज्येष्ठ नागरिक अझै पनि जोखिममा रहेको बताए । कोरोनाबाट बच्नका लागि स्वास्थ्य सतर्कता अपनाउनुपर्नेमा उनले जोड दिए ।

# तीन वर्षमा ५५ दुर्घटना, ४० जनाको मृत्यु

**ढोरपाटन (बागलुङ)–** बागलुङमा हरेक वर्ष दुर्घटनामा परी मृत्यु हुनेको संख्या बढ्दै गएको छ । पछिल्लो तीन वर्षमा सबैभन्दा बढी मृत्यु हुने संख्या यस वर्षको छ । यस वर्ष १६ जनाले ज्यान गुमाएका छन् ।

जिल्ला प्रहरी कार्यालयका अनुसार चालु आवको साउनदेखि हालसम्म १२ दुर्घटना भएका छन्। त्यसमा ४८ जना घाइते भएका छन् । आर्थिक वर्ष २०७८/७९ मा २३ सवारीसाधन दुर्घटना भएका थिए। उक्त दुर्घटनामा ११ जनाको ज्यान गएको थियो भने २९ जना घाइते भएका थिए । गत आव २०७९/८० मा २० दुर्घटना भएका थिए । दुर्घटनामा १३ जनाको मृत्यु भएको थियो भने ३३ जना घाइते भएका थिए। तीन वर्षको तथ्यांक हेर्दा हरेक वर्ष दुर्घटना झिनो संख्यामा घटे पनि मृत्यु र घाइते हुनेको संख्या भने बढिरहेको छ। पछिल्लो तीन वर्षमा बागलुङमा दुर्घटनामा परी ४० जनाले ज्यान गुमाएका छन् भने ११० जना घाइते बनेका छन् ।

यस अवधिमा ५५ दुर्घटना भएको जिल्ला ट्राफिक कार्यालयका प्रमुख सुमन निउरेले जानकारी दिए । उनका अनुसार दुर्घटनामा ४९ सवारीसाधनमा क्षति पुगेको छ। ट्राफिकले अटेरी गर्ने तथा ट्राफिक नियमको उल्लंघन गर्ने ३८ हजार ६१६ सवारीसाधनलाई कारबाही गरी दुई करोड ६९ लाख रूपैयाँ राजस्व संकलन गरेको छ ।

बर्सेनि दुर्घटनामा ज्यान गुमाउनेको संख्या बढ्दै गएको ट्राफिक प्रमुख निउरेको भनाइ छ। उनले चालकको लापरबाही र अप्ठ्यारा सडकका कारण दुर्घटना हुने गरेको बताए । दैनिक ग्रामीण सडकमा सयौं सवारीसाधन गुड्ने तर ती सडक व्यवस्थित नहुँदा बढी दुर्घटना हुने गरेको उनी बताउँछन् । तीन वर्षको तुलनामा यस वर्ष थोरै दुर्घटना भए पनि मृत्यु र घाइते हुनेको संख्या बढी रहेको निउरेको भनाइ छ ।

उनले भने, 'दुर्घटना न्यूनीकरणका लागि हरेक नागरिक सजक हुनुपर्छ, चालक जिम्मेवार, यात्रु अनुशासित भयो भने दुर्घटना निकै कम हुने थियो, हामीहरू दुर्घटनालाई न्यूनीकरण गर्न बिहान उठेदेखि रातिसम्म सडकमै हुन्छौं, कहिलेकाहीँ चालकले लापरबाही गर्दा गम्भीर दुर्घटना हुने गरेका छन्, सबैभन्दा बढी त गाउँका सडकमा दुर्घटना हुने गरेका छन्, सडक साँघुरा छन्, त्यसमाथि सवारी चालकले क्षमताभन्दा बढी यात्रु बोकेर हिँड्छन्, यसमा अन्य सरोकारवाला पनि गम्भीर हुन जरुरी छ ।'

ग्रामीणसँगै राष्ट्रिय राजमार्गमा पनि ठूला-ठूला दुर्घटना हुने गरेका छन् । यही चैत ६ गते पश्चिम रुकुमबाट काठमाडौंका लागि छुटेको बस बागलुङको निसीखोलामा दुर्घटना भयो । दुर्घटनामा सातजनाले घटनास्थलमै र दुईजनाले अस्पतालमा ज्यान गुमाए । दुर्घटनामा परी २६ जना घाइते भए । घाइतेमध्ये अधिकांश अहिलेसम्म निको भएका छैनन्। दुर्घटनाका कारण भने चालकको लापरबाही रहेको निष्कर्ष छ । दुर्घटना रोक्नका लागि ग्रामीण सडकलाई व्यवस्थित बनाउन जरुरी रहेको यातायात व्यवसायी शेरबहादुर विक बताउँछन् ।

उनले साँघुरा र अप्ठ्यारा सडकमा दैनिक सयौं सवारी तथा मालवाहक गाडी गुड्ने गरे पनि वर्षौंअगाडि 'ट्र्याक' खुलेका सडकको अहिलेसम्म पनि स्तरोन्नति हुन नसकेको बताए । बर्सेनि दर्जन नागरिकले दुर्घटनामा ज्यान गुमाउँदा पनि सरोकारवाला निकायको ध्यान जान नसकेको उनको भनाइ छ । ग्रामीण सडकमा ट्राफिक नपुग्दा सवारी चालक अनुमतिपत्र नभएका व्यक्तिले गाडी चलाउँदा पनि दुर्घटना हुने गरेको विक बताउँछन् । *रासस*

# सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रमः अभिभावकविहीनलाई छात्रवृत्ति

**बनियानी (झापा)–** सशस्त्र प्रहरी बल नेपाल नम्बर २ गण हेक्वा झापाले '२३औं सशस्त्र प्रहरी दिवस-२०८० ' को अवसरमा अभिभावकविहीन विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ । दिवसको अवसरमा झापा गौरीगञ्ज गाउँपालिका-४ स्थित मुसहर समुदायका अति विपन्न एवं अभिभावकविहीन गौरिया आधारभूत विद्यालयमा कक्षा-३ मा अध्ययनरत रानी रिषिदेवलाई एपिएफ स्कुलमा कक्षा-१० सम्म निःशुल्क अध्ययनका लागि छात्रवृत्ति प्रदान गरिएको हो । बुबाआमा गुमाएकी रानी हाल दिदीभिनाजुसँग बस्दै आएकी छन् ।

त्यस अवसरमा यहाँ आयोजित एक कार्यक्रमकाबीच सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा विभागका विभागीय प्रमुख सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौड्यालले रानीलाई छात्रवृत्ति प्रदान गरेका थिए । सीमा सुरक्षालाई थप व्यवस्थित र प्रभावकारी बनाउन सीमाक्षेत्रमा बसोबास गर्ने स्थानीयवासीको साथ र सहयोग अपरिहार्य रहने सशस्त्र प्रहरी बल नेपाल नं १ बराह बाहिनी मुख्यालय सुनसरीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक अञ्जनीकुमार पोखरेलले बताए ।

उनले विपन्न १५० जना विद्यार्थीलाई शैक्षिक सामग्री र विद्यालयलाई दुई थान खेलकुद सामग्री पनि वितरण गरे । कार्यक्रममा राजस्व चुहावट नियन्त्रण, सीमा अपराध नियन्त्रणसम्बन्धी विषयमा छलफल तथा अन्तरक्रिया गरिएको थियो ।


## माईग्रेसन हराएको सूचना

मितिः २०८०/०८/१९ गते भक्तपुरबाट चावहिलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **+2** को माइग्रेसन सर्टिफिकेट सहित अन्य कागजाजहरू हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : सुजन कुमार महत्तो**
**रजिस्ट्रेसन.नं.: ७८३२७११९०५१४**
**सिम्बोल.नं.: ३२७०२१७३**
**ठेगाना.: बर्दिवास-२, महोत्तरी**
**सम्पर्कः ९७६७५८५१२६**

## मोटरसाइकल हरायो

**मिति २०८०/१२/१८ गते राती अन्दाजी २२:०० बजे का.जि.ता.न.पा.१ साङ्लाबाट Chassis No. MD2A36FY3KCL-80877, Engine No. JLYCKL-44320 प्रदेश ३-०२-००७प ७२५ नं.को २०० सि.सि.को रातो रंगको पल्सर मोटरसाइकल हराएकोले पाउनु हुने महानुभावले नजिकको प्रहरीचौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।**

**सवारी धनीः सुजन नेपाली**
**ठेगानाः शहीद लखन-८, गोरखा**
**सम्पर्कः ९८५१३२३२४८**


## भूलसुधार

प्रभाव दैनिक अंक २९६ मितिः २०८०/११/१२ गते प्रकाशित **वनस्थली ट्राभल्स एण्ड टुर्स प्रा. लि.को (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारे सूचना**मा बनस्थली ट्राभल्स एण्ड टुर्स प्रा. लि.को विशेष साधारण बसेको मितिः २०८०/११/०९ गते हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा सरोकारवालाहरु सबैमा जानकारी गराइन्छ ।


## पटेर्वा सुगौली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पटेर्वा सुगौली, पर्सा
## मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८०/१२/२१**

यस कार्यालयबाट मिति २०८०/११/११ गते प्रभाव दैनिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम देहायका कार्य गर्नको लागि रित पुर्वक दर्ता हुन आएको बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्युनतम मुल्याङ्कि सारभुत रुपमा प्रभावग्राही भई यस कार्यालयको मिति २०८०/१२/२० को निर्णयानुसार स्वीकृतको लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदाफा २ को प्रयोजनार्थ सम्बन्धि सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.न | ठेक्का नं. | कार्यको विवरण | कबोल अंङ्क (मु.अ.कर र पी.एस समेत) | सारभुत रूपमा प्रभावग्राही फर्मको नाम, ठेगाना |
|---|---|---|---|---|
| १ | 01/PSRMUN/NCB/ WORKS/2080/081 | Supply of 48mm dia Handpump set & Platform Construction Work | ३,०९६,७३७८२ | सनसाइन कन्स्ट्रक्सन, पटेर्वा सुगौली गा.पा. ५ पर्सा |

**प्रमुख प्रशासकीय अधिकृत**

## तेमाल गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
**पोखरीनारायणस्थान, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश**

## क्याटलग ब्रोसर सपिङ विधिबाट मिनिटिलर खरिद सम्बन्धी सिलबन्दी आव्हान

**प्रकाशित मितिः २०८०/१२/२१**

यस कार्यालयको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिनिटिलर उपकरण सार्वजनिक खरिद ऐन २०६३ को पहिलो संसोधन २०७३ को दफा ८ को उपदफा १ क तथा सार्वजनिक खरिद नियमावली २०६४ चौथौं संसोधन नियम ३१ ख वमोजिम त्यस्तो उपकरण उत्पादक कम्पनी वा सोको आधिकारिक विक्रेताहरु बिच मात्र प्रतिस्पर्धा गराउने क्याटलग सपिङ विधिबाट खरिद गर्नु पर्ने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ख को उपनियम २ अनुसार उक्त उपकरणको उत्पादक वा आधिकारिक विक्रेताहरुबाट उक्त मेसिन विक्रिगर्ने नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमति पत्र, सोको अध्याबधिक नविकरण भएको अनुमति पत्र स्थायी लेखा (प्यान), २०७९/८० सम्मको कर चुक्ताको प्रमाण पत्र, उक्त मेसिन सप्लाई गरेको हाल सम्मको विस्तृत विवरण, सम्बन्धित कार्यानुभवको प्रमाण पत्र, उत्पादकको आधिकारिक प्राविधिक स्पेसिफिकेसन, मुल्य गुणस्तर तथा सुविधा सहितको विवरण क्याटलग वा ब्रोसर राखि यो सूचना प्रकाशित भएको मितिले ७ औं (सात) दिनको कार्यालय समयभित्र खरिद गर्न सकिने र आठौं दिन १२ बजे सम्म दर्ता गर्न सकिने छ र दर्ता गरिएका सिलबन्दी प्रस्तावहरु सोहि दिनको २ बजे खोलिने छ । साथै पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिनमा पेश गर्न सकिने छ । उक्त मेसिनको स्पेसिफिकेसन गाउँपालिकाको website www.temalmun.gov.np मा रहेको व्यहोरा अनुरोध छ ।

| सि.नं. | उपकरणको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १. | मिनिटिलर | Petrol Engine, power more than 4 kw, Gear Driven, Double Clutch | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्विकृत प्राविधिक स्पेसिफिकेसन वमोजिम हुनेछ । |

**प्रमुख प्रशासकीय अधिकृत**

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : RABOUA AL-SAMMAN CONTRACTING EST**

पुर्व स्वीकृति मिति २०८०/१२/२० | LT. No. 302947 | चलानी नं. ६०२१७७८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 8 | 0 | 2500 | ८८,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी : AL TAJ PROFESSIONAL CAR MAINTENANCE WORKSHOP**

पुर्व स्वीकृति मिति २०८०/१०/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२० | LT. No. 299332 | चलानी नं. ६०२१४२५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २८ गते (10th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ZAHRA FOOD COMPANY**

पूर्व स्वीकृति मितिः २०८०/१२/२० | LT. No. 302927 | चलानी नं.: ६०२१७७७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २८ गते (10th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 226/058/059

**Felicity International Employment Agency Pvt.Ltd.**
P.O.Box: 11603, Samakhushi -26, Town Planning, Kathmandu, Nepal.
Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ALIGN TEAM LLC**

पूर्व स्वीकृति मिति २०८०/०६/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२० | LT No. 293583 | चलानी नं ६०२०८६६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 37 | 0 | 900 | ३२,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packer | 50 | 0 | 900 | ३२,६७० | | | | | | | |
| 3 | Host | 20 | 20 | 1600 | ५८,०८० | | | | | | | |
| 4 | Female Cleaner | 0 | 18 | 1100 | ३९,९३० | | | | | | | |
| 5 | Helper | 7 | 0 | 1150 | ४१,७४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २८ गते (10th April 2024) मा हुनेछ ।**

**नोट : साथै यस म्यानपारको लागि Accountant, PRO तथा Manager र Documentation को पनि आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नुहोला ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : HAYAT AL DEEP TRADING CONTRACTING AND SERVICES**

पूर्व स्वीकृति मिति २०८०/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२० | LT. No. 301902 | चलानी नं. ६०२१६८००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant/auditor | 1 | 0 | 4500 | १६४,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason | 3 | 0 | 1200 | ४३,९४० | | | | | | | |
| 3 | Carpenter | 2 | 0 | 1200 | ४३,९४० | | | | | | | |
| 4 | Foreman | 2 | 0 | 2500 | ९१,५४० | | | | | | | |
| 5 | General Clean Worker | 13 | 0 | 1000 | ३६,६१५ | | | | | | | |
| 6 | Labour | 10 | 0 | 1000 | ३६,६१५ | | | | | | | |
| 7 | Labour Services | 2 | 0 | 1000 | ३६,६१५ | | | | | | | |
| 8 | Plumber | 2 | 0 | 1200 | ४३,९४० | | | | | | | |
| 9 | Sales Superviser | 1 | 0 | 2500 | ९१,५४० | | | | | | | |

**कम्पनी : BHANU CLEANING AND CONTRACTING**

पूर्व स्वीकृति मिति २०८०/१२/१९ | LT. No. 297414 | चलानी नं. ६०२१२४४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Gen | 0 | 1 | 3600 | १३१,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Buidling Worker | 3 | 0 | 1000 | ३६,६१५ | | | | | | | |
| 3 | Carpenter | 3 | 0 | 1200 | ४३,९४० | | | | | | | |
| 4 | Cashier | 0 | 1 | 1500 | ५४,९२० | | | | | | | |
| 5 | Driver | 2 | 0 | 1500 | ५४,९२० | | | | | | | |
| 6 | Foreman | 5 | 0 | 2500 | ९१,५४० | | | | | | | |
| 7 | General Clean Worker | 8 | 1 | 1000 | ३६,६१५ | | | | | | | |
| 8 | Helper | 5 | 0 | 1000 | ३६,६१५ | | | | | | | |
| 9 | Labour | 24 | 0 | 1000 | ३६,६१५ | | | | | | | |
| 10 | Labour Services | 5 | 0 | 1000 | ३६,६१५ | | | | | | | |
| 11 | Mason | 6 | 0 | 1200 | ४३,९४० | | | | | | | |
| 12 | Painter | 3 | 0 | 1200 | ४३,९४० | | | | | | | |
| 13 | Plaster Worker | 3 | 0 | 1200 | ४३,९४० | | | | | | | |
| 14 | Receptionist | 1 | 0 | 1500 | ५४,९२० | | | | | | | |
| 15 | Super Visor | 4 | 0 | 3000 | १०९,८४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २८ गते (10th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

प्रभाव दैनिक




## 'डल्लेले इन्ट्री मार्‍यो' बनाउँदै राजु

राजु गिरीले नयाँ फिल्म 'डल्लेले इन्ट्री मार्यो' को निर्माण घोषणा गरेका छन् । २०८१ साउन २० गतेबाट फ्लोरमा जाने फिल्मको सोमबार एक थिम पोस्टर सार्वजनिक गर्दै निर्माण घोषणा गरिएको हो । जिआर प्रोडक्सनको व्यानरमा निर्माण हुने फिल्ममा नयाँ तथा पुराना कलाकारहरूको समिश्रण रहने बताइएको छ । निर्देशक गिरीको कथा रहेको फिल्मको पटकथा तथा संवाद कलाकार सविन बास्तोलाले लेखेका हुन् । बाबुल गिरीको संगीत रहने फिल्मलाई आशिक बस्नेत र आर्दश बस्नेतले निर्माण गर्दैछन् । निर्देशक गिरी निर्देशित दुई फिल्म 'नम्बरी सुन' र 'ईश्वर' प्रदर्शनको तयारीमा छन् ।




बुधबार २१, चैत २०८० (Wednesday, April 3, 2024)

# मध्यपूर्वमा आक्रामक 'महाजात्रा'




■ **प्रभाव संवाददाता**

**काठमाडौं** – 'जात्रा' र 'जात्रै जात्रा' पछि षट्कोण आर्ट्सले निर्माण गरेको तेस्रो भाग 'महाजात्रा' नेपालसहित विश्वभर आक्रामक व्यापार गरिरहेको छ । पहिलो सातामा नेपालमा ६ करोड २४ लाखको ग्रस कलेक्शनसहित विश्वभर दश करोडको ग्रस कलेक्सन गरेको फिल्म हेर्न दोस्रो सातामा पनि दर्शकको भिड कम भएको छैन । नेपाल झैं विदेशमा पनि दर्शकको उस्तै प्रतिक्रिया र ब्राण्डले निर्माण गरेको हाइपको आधारमा फिल्मले व्यावसायिक रूपमा पनि इतिहास बनाउदैछ ।

अष्ट्रेलिया, अमेरिका झैं फिल्मले मध्यपूर्वका देशमा पनि आक्रामक व्यापार गरिरहेको छ । गत चैत १५ (मार्च २८) देखि मलेसिया, दुबई, बहराइन, ओमान र कतारमा फिल्म प्रदर्शनमा छ । अर्थात् फिल्म नेपाल झैं प्रचारप्रसार गरेर नियमित शो (बक्सअफिस) मा लगाईएको छ । मध्यपूर्वका देशहरूमा वितरणको अधिकार खरिद गरेको सुप्रिम फिल्म प्रोडक्सन एण्ड डिस्ट्रिव्युसन र प्रदर्शन गरिरहेको कन्सेप्ट भिजनका प्रमुख अनिश सिंह ठकुरीले अघिल्ला सबै रेकर्ड तोड्दै 'महाजात्रा' ले नयाँ इतिहास बनाउने बताए ।

मध्यपूर्वका ठूला सिनेमा चेनहरू भक्स, स्टार, सिने रोयल, सिनेपोलिस, सिनेको र नोभामा फिल्म विदेशी झैं नियमित प्रदर्शन भइरहेको बताए । 'हामीले नेपालमा झैं फिल्मको प्रचारप्रसार गरेर मध्यपूर्वका देशहरूमा नियमित शोमा प्रदर्शन गरिरहेका छौं । यो किसिमको रिलिज र फिल्ममा दर्शकको उपस्थिति संवत पहिलोपटक भएको हो', वितरक ठकुरीले भने,'फिल्म हेर्न समूह समूहमा दर्शक आइरहेका छन् । हेरेकाले नै अन्यलाई हेर्न सिफारिस गरेपछि अहिले मध्यपूर्वमा महाजात्राले अघिल्ला फिल्मको व्यावसायिक सबै रेकर्ड तोड्दै इतिहास बनाउदै छ ।'

साथीभाई इन्टरटेनमेन्ट्सका हरी मोक्तानको बजार व्यवस्थापन र हर्क पोडकास्टको सहयोगमा नेपाली फिल्मको बजारलाई मध्यपूर्वका देशहरूमा थप बलियो बनाइरहेको वितरक ठकुरीले बताए । उनले हालसम्म मध्यपूर्वमा ५ हजार र मलेसियामा पन्ध्रसय दर्शकले फिल्म हेरिसकेको जानकारी दिए । उनका अनुसार सुरुआती चरणमा भएको शो र त्यसमा दर्शकले दिनुभएको प्रतिक्रियाले आगामी दिनमा भव्य व्यापार हुने तय छ ।

'पहिलो चरणमा नै देखिएको दर्शकको उपस्थितिले हामीलाई उत्साहित बनाएको छ । दोस्रो चरणमा हामीले इतिहास बनाउने छौं', वितरक ठकुरीले भने । उनले फिल्म हेर्न दर्शकको चाँप हलमा बढेपछि प्रदर्शन भइरहेको भक्स सिनेमाजले नेपाली फिल्मलाई हेर्ने नजरियामा नै फरक परिरहेको बताएका छन् ।

'यहाँ वर्षेनी धेरै फिल्म प्रदर्शनमा आउँछन्, तर दर्शकले रुचाएको फिल्म सिमित छन् । यही वर्ष पनि केही फिल्म प्रदर्शन त भए तर दर्शक आएनन्, सोही कारण महाजात्रा बारे पनि प्रदर्शक विश्वस्त थिएनन् । तर, अहिले हलमा दर्शकको उपस्थिति देखेपछि आउँदो समयमा नेपाली फिल्मलाई धेरै सजिलो हुन्छ', वितरक ठकुरीले भने । उनले विगत दशकदेखि आफूसहितको समूहले नेपाली फिल्मको प्रचार र बजार विस्तारमा गरिरहेको मेहनतको परिणाम प्राप्त हुने थालेको बताए ।

उनका अनुसार मलेसियामा अप्रिल ५ देखि नियमित प्रदर्शन तथा साउदी अरेबिया र कुवेतमा भने अप्रिल १८ सम्ममा प्रदर्शन हुने छ । फिल्मको भारत बाहेकको प्रदर्शन अधिकार खरिद गरेको एमएसएम इन्टरटेनमेन्ट्सले मध्यपूर्व झैं अष्ट्रेलिया, दक्षिण कोरिया, न्युजिल्यान्ड, क्यानडा, जापान लगायतका देशमा आयोजित अधिकाँस शो 'सोल्ड आउट' भएको जनाएको छ । साथै, संयुक्तराज्य अमेरिका र बेलायतमा मध्यपूर्व झैं नियमित बक्सअफिसमा प्रदर्शन भइरहेको छ ।

प्रदीप भट्टराईको लेखन तथा निर्देशनमा तयार भएको फिल्मका कार्यकारी निर्माता रवीन्द्रसिंह बानियाँ हुन् ।

आपतकालीन रूपमा आइपर्ने पैसा व्यवस्थापन गर्ने अवसर र त्यसले निम्त्याउने समस्यालाई रोचक शैलीमा प्रस्तुत गरिने 'महाजात्रा'मा हरिवंश आचार्य, विपिन कार्की, रविन्द्रसिंह बानियाँ, वर्षा राउत, अर्जुनजंग शाही, प्रकाश घिमिरे, राजाराम पौडेल, प्रवीण खतिवडा, दिव्यदेव, सुमन कार्की, शिशिर बाङ्देल, गौमाया गुरुङ, अरविन खड्का लगायतको अभिनय रहेको छ । फिल्ममा म्याक्स दीपेश खत्री र यज्ञश्वर पौडेल निर्माता छन् ।

## रंगशाला

**मैत्रीपूर्ण टी-२० शृंखला**

# भारतमा नेपाल लगातार दोस्रो खेलमा विजयी




■ **प्रभाव संवाददाता**

**काठमाडौं** – भारतको गुजरातमा जारी मैत्रीपूर्ण टी-२० क्रिकेट प्रतियोगिताअन्तर्गत आफ्नो दोस्रो खेलमा पनि नेपाल विजयी भएको छ । नेपालले भएको खेलमा भारतको बरोडालाई २७ रनले पराजित गरेको हो ।

गुजरातको वापीस्थित साई मेघपन स्पोर्टस् लाइफ मैदानमा बरोडाले टस जितेर पहिला फिल्डिङ राज्यो । नेपालले निर्धारित २० ओभरको खेलमा ६ विकेट गुमाउँदै एक सय ५६ रन बनायो । एक सय ५७ रनको विजयी लक्ष्य पछ्याउने क्रममा भारतको बरोडाले सबै विकेट गुमाएर एक सय २९ रन मात्र बनाउन सक्यो । यसअघि पहिलो खेलमा नेपालले भारतको गुजरातलाई आठ विकेटले हराएको थियो ।

बरोडासँगको खेलमा ब्याटिङ गर्ने क्रममा नेपालका लागि कुशल मल्लले अविजित ४० रन बनाए । उनले २५ बलमा तीन चौका र दुई छक्का प्रहार गरे । त्यस्तै सन्दीप जोराले २९, कप्तान रोहितकुमार पौडेलले १८ र गुल्सनकुमार झाले १३ रन बनाए । बलिङतर्फ बरोडाका बाबा खानले दुई तथा पारीक्षित पाटीदार र मोहित मोङ्गीयाले एक एक विकेट लिए ।

यसैगरी बरोडाका लागि एक सय २९ रन बनाउने क्रममा भानु पानियाले ३६, बाबा खानले २७ तथा कप्तान विष्णु सोलङ्कीले २५ रन बनाए । बलिङतर्फ नेपालका करन केसीले तीन, सोमपाल कामी र अभिनाश बोहराले दुई/दुई तथा गुल्सनकुमार झा र दीपेन्द्रसिंह ऐरीले एक/एक विकेट लिए । नेपालले बुधबार दिउँसो २:४५ बजे भारतको गुजरातसँग आफ्नो तेस्रो खेल खेल्नेछ ।

# सहदेव र रत्न सेमिफाइनलमा

**काठमाडौं (प्रस)**– मण्डिखाटार फस्ट एमेच्योर टेनिस प्रतियोगिताको पहिलो दिन ६५ वर्षमाथि सहदेव ढुंगाना र रत्न गुरुङको जोडीले सेमिफाइनलमा स्थान पक्का गरेको छ । मंगलबारदेखि शुरू भएको प्रतियोगितामा उनीहरूले वाक ओभर पाउँदै सेमिफाइनमा स्थान बनाएका हुन् । अर्को खेलमा धीर गुरुङ र रवीन्द्र श्रेष्ठको जोडीले सेमिफाइनलमा स्थान पक्का गरेको छ । यो जोडीले भिक्टर जबरा र नोरक्याल टास्टेनको जोडीलाई ६-३-६३ को स्कोरमा पाखा लगाउँदै सेमिफाइनलमा स्थान बनाएको हो ।

एकलतर्फ ६५ वर्षमाथिको उमेर समूहमा ध्रुव गुरुङले राजेन्द्रजंग कार्कीलाई ६-४ र ६- १ को स्कोरमा पराजित गर्दै क्वार्टरफाइनलमा स्थान पक्का गरे । त्यस्तै, ४५ वर्ष माथिको इभेन्टमा प्रदीप शाहले गोपाल ज्ञवालीलाई ६-१ र ६-३ को स्कोरमा पराजित गर्दै राउन्ड अफ सिक्सिटीनको यात्रा तय गरेका छन् ।

५५ वर्ष माथिको उमेर समूहमा विनोद कायस्थ, मनोज शाहले वाक ओभर पाउँदै राउन्ड अफ सिक्सटीनको यात्रा तय गर्दा ४५ वर्षमाथिको इभेन्टमा केशर गुरुङले मनोजकुमार श्रेष्ठलाई ६-१, ६-३ को स्कोरमा पराजित गर्दै राउन्ड अफ सिक्सटीनमा प्रवेश गरे । यही उमेर समूहमा हेमराज ढकालले भने वाक ओभर पाएर अघि बढ्दा, ३५ वर्ष माथिको इभेन्टमा सोवित गौचन राउन्ड अफ सिक्सटीनमा पुग्दा नकुल थापाले वाक ओभर पाएर अघि बढेका थिए ।

४५ वर्ष माथिको डबल्समा किरण नेपाल र ओम अधिकारीको जोडीले गोपाल दास र नरेश श्रेष्ठको जोडीलाई पराजित गर्दै अन्तिम १६ मा स्थान पक्का गर्दा ३५ वर्ष माथिको सिंगल्समा ब्रिजेस लाकोल, दीप जंगबहादुर राणाले अन्तिम १६ मा स्थान पक्का गरे । ४५ वर्ष माथिको सिंगल्समा मृगेन्द्र प्रसाद गिरीले रमेश रोकालाई ३-६, ६-२ र १०-७ को स्कोरमा पराजित गर्दै राउन्ड अफ सिक्सटीनमा स्थान पक्का गरे । यही उमेर समूहको सिंगल्समा सञ्जीव कुमार श्रेष्ठ, ३५ वर्षको सिंगल्समा कृष्ण उप्रेती विजयी हुँदै अघि बढ्दा समीर गुरुङले वाक ओभर पाएर अन्तिम १६ मा स्थान पक्का गरे ।

३५ वर्ष सिंगल्समा एलम दीक्षितले अन्तिम १६ मा स्थान पक्का गर्दा ५५ वर्ष सिंगल्समा जीवन घिमिरे, राम राणा, शिव सेडाईं र प्रदीप शाहले अन्तिम १६ मा आफूलाई सुरक्षित गरे । ३५ वर्षको डबल्समा राजु श्रेष्ठ र डीगेन्द्र श्रेष्ठ, निमा लामा र विभु कायस्थ तथा प्रवेश पन्त र ब्रिजेश लाकोलले क्वार्टरफाइनलको यात्रा तय गरेका छन् ।२५ गतेसम्म चल्ने प्रतियोगितामा विभिन्न उमेर समूहमा १२७ जना प्रतियोगीले सहभागिता जनाएका छन् । जसमा अन्डर ३५, ४५, ५५ र ६५ वर्षमाथिका गरी चार उमेर समूहका खेलाडी रहेका छन् । सिंगल र डबल्सगरी ८ विधामा प्रतिस्पर्धा हुने छ । अन्डर ३५ वर्ष उमेर समूहमा प्रथम हुने एकल विजेताले २५ हजार,दोस्रो हुनेले १० हजार र तेस्रो हुनेले ५ हजार रूपैयाँ पुरस्कार पाउने छन् ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHATHA SHAMI BIN SALEH AL-WALDI FAST FOOD RESTAURANT

पूर्व स्वीकृति मिति २०८०/१२/२० LT. No. 302897 चलानी नं. ६०२१७७९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,५८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २७ गते (9th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TESLA OVERSEAS PVT.LTD.

Govt. License 1638/080/81

Sinamangal 9, Kathamandu, Nepal, Tel: 01-5920966, 5920967, Mob: 9802353778, 9802353777
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MJ INTERNATIONAL RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति २०७९/०५/१७ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२० LT. No. 271171 चलानी नं. ६०१८६७८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Chef | 10 | 0 | 150 | ६४,९१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 10 | 0 | 150 | ६४,९१० | | | | | | | |
| 3 | Waiter/waitress | 6 | 6 | 150 | ६४,९१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २८ गते (10th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

